## जनता समाजवादी पार्टी, नेपाल

## प्रथम संघीय परिषद बैठक

( २०७८ फाल्गुन २८, काठमाडौंमा प्रस्तुत राजनीतिक प्रतिवेदन )

# समसामयिक राजनीति र जसपाको कार्यदिशा

जनतासमाजवादी पार्टी, नेपाल

केन्द्रीय कार्यालय, बालकुमारी, ललितपुर

## १.प्रारम्भः

**पार्टी केन्द्रीय समितिका अध्यक्ष ज्यू !**

**पदाधिकारी तथा केन्द्रीय सदस्य मित्रहरु !**

**उपस्थित सम्पूर्ण संघीय परिषद सदस्य साथीहरु !**

सर्वप्रथम हाम्रो पार्टी जनता समाजवादी पार्टी, नेपालको प्रथम संघीय परिषद बैठकमा सबैलाई हार्दिक स्वागत तथा अभिवादनगर्दछु ।यो बैठकमा यहाँहरुको भव्य उपस्थितिका लागि धन्यवाद दिन चाहन्छु । बैठकको अन्त्यसम्म सबैको सक्रिय, धैर्यतापूर्ण र सार्थक सहभागिताको अपेक्षा गर्दछु ।

साथै, यस महत्वपूर्ण घडीमा वि.स. १९९७, २००७, २०४६ र २०६२/६३ लगायत देशको समग्र लोकतान्त्रिक आन्दोलन, जनयुद्ध, मधेश जनविद्रोह, आदिबासी/जनजाति/थारु/मुस्लिम/खस/सीमान्तकृत, अल्पसंख्यक तथा लोपोन्मुख समुदाय/दलित, महिलालगायतन्याय र समानताका लागि भएका सबै खाले आन्दोलनमा जीवन बलिदानगर्नु हुने सम्पूर्ण आदरणीय अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली तथा वेपत्ताजन र घाइते-अपाङ्गहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

हामी सबैलाई विदितै छ- समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी बीचको एकताबाट २०७७ वैशाख १० गते जनता समाजवादी पार्टी, नेपाल (जसपा) बनेको हो । त्यसपछि पनि यस पार्टीमा नेपाल लोकतान्त्रिक पार्टी, नेकपा (मार्क्सवादी) लगायत विभिन्न समूहहरुको एकता भएको छ ।तैपनि जसपाको यो पहिलो संघीय परिषद बैठक हो । यो बैठकको लगत्तै हामी केन्द्रीय समिति बैठक समेत बस्दैछौं ।

जनता समाजवादी पार्टी निर्माणको प्रयास युगिन आवश्यकता र जिम्मेबारीबोधको भावनाले ओतप्रोत थियो ।हाम्रो पार्टीसँग एक साथ बहुआयामिक दायित्व र कार्यभारहरु उपस्थित थिए ।

एकातिर हामीले शास्त्रीय पुँजीवाद, संसदीय उदार लोकतन्त्र तथा नवउदारवादी निरपेक्ष उदारीकरण, निजीकरण र भूमण्डलीकरणले सृजना गरेका आर्थिक अवसरका असमानता, बेथिति, शोषण, गरिबी, बेरोजगारी, कुशासन र अल्पविकास विरुद्धजनमतलाई संगठित गर्नुपरेको छ ।

अर्कोतिर शास्त्रीय, संकिर्ण र जडशुत्रवादी साम्यवादी विचारधाराले सृजना गरेको सीमितता र जडता विरुद्ध बलियोसँग उभिन परेको छ । वैज्ञानिक समाजवादी चिन्तन पद्धति र परम्पराको सृजनशील विकासमार्फत्विचारधारात्मक शुन्यता र संकटलाई चिर्दैजनसमुदायलाई समाजवादको उज्ज्वल भबिष्यप्रति आशावादी बनाउन परेको छ।

देशमा यदाकदा सामन्ती निरंकुशतावादी तत्वहरुले सल्बलाउने चेष्टा गरेको देखिन्छ। अनेक झुठा, भ्रान्त र भ्रमपूर्ण तर्कहरु अघि सार्दै लोकतन्त्र, गणतन्त्र, संघीयता र धर्मनिरपेक्षतालाई बदनामगर्ने षडयन्त्र प्रसस्तै भएको पाइन्छ। आफ्नो निहित सामान्ती निरंकुशतावादी अभिष्ट सिद्ध गर्न यस्ता तत्वहरुलेअनेक

प्रोपागण्डा वा दुस्प्रचार गर्ने गरेका छन् । यस्ता झुठ, भ्रम र असत्यलाई चिर्न समेत हामीलेनिर्णायक भूमिका गर्न परेको छ ।

ठीक यही बेला विश्वराजनीति र नेपालमा पनि सङ्कीर्ण राष्ट्रवाद, अन्धराष्ट्रवाद, नश्लवाद, नवफासीवाद, लोकरिझ्याइँजस्ता विकृत विचारधाराको लहर चलेको छ । यस्ता विकृत र जनविरोधी विचार पद्धतिविरुद्धको संघर्ष पनि हाम्रो वैचारिक कार्यभारको महत्वपूर्ण पाटो हो ।

नेपालको संविधान २०७२ का त्रुटी, कमीकमजोरीर अपूर्णतालाईपरिपूर्ति गर्न, संविधानको स्वामित्व र अपनत्व विस्तार गर्न संविधान संशोधन गर्ने निर्णायक ताकतसमेत हाम्रै पार्टीले निर्माण गर्नु छ। संघवादको सिद्धान्त, मर्म र मान्यतालाई अझ जीवन्त र ठोस बनाउँदै उत्पीडित राष्ट्रियताहरुको पहिचान र अधिकार, स्वायत्तता र स्वशासन, वित्तीय संघीयता, बहुभाषिकता र बहुसाँस्कृतिकतावादको प्रवर्द्धन गर्नु पर्ने कार्यभार छँदैछ । समाजवाद-उन्मुख राज्यको आदर्शलाई व्यवहारिक रुप दिन अर्थतन्त्रको रुपान्तरण, गुणस्तीय शिक्षा र स्वास्थ्यको सहज उपलब्धता, सकारात्मक विभेद र सामाजिक न्याय कार्यक्रमको सवलीकरणजस्ता सवाललाई अझ ठोस रुपमा उठाउनु परेको छ । रोजगारीकानिम्ति पचासौं लाख युवा विदेशिनु पर्ने स्थितिको अन्त्य गर्नुपरेको छ। कुशाशन र भ्रष्टाचारको दलदलवाट राजनीतिलाई मुक्त गर्नुपरेको छ।

उपरोक्त परिप्रेक्ष्यमा समुन्नत संघीय समाजवादको सिद्धान्तमा आधारित वैकल्पिक प्रगतिशील-लोकतान्त्रिक शक्तिको निर्माण आफैमा अहं महत्वको बिषय हो ।जनता समाजवादी पार्टीको निर्माण आधारभूत रुपमा यिनै युगीन तथा राष्ट्रिय आवश्यकतालाई पूरा गर्न सक्ने निर्णायक राजनीतिक शक्ति निर्माण गर्नु थियो र हो ।

तर, जनता समाजवादी पार्टी बनेको छोटो अवधिभित्रै केही अप्ठ्याराराजनीतिक घटनाक्रम र समस्या हामीले सामना गर्नु पऱ्यो । विशेषतः २०७७ पुष ५ गते तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको सरकारलेनिर्वाचित प्रतिनिधिसभाको असंवैधानिक तथा अलोकतान्त्रिक विघटन गरेसंगै देशको राजनीति ‘प्रतिगमन’ र ‘अग्रगमन’ बीच ध्रुवीकृत हुन पुग्यो ।यो अवधिमा हाम्रो पार्टी एकताबद्ध ढंगले प्रतिगमन विरुद्ध आन्दोलित भएको थियो ।

असंवैधानिक संसद विघटनको विरुद्ध निर्णायक जनसंघर्षको विकासमा नेतृत्वदायी भूमिका गरेर हाम्रो पार्टीले लोकतन्त्र र संविधानवादको पक्षमा उल्लेखनीय योगदान गऱ्यो ।पार्टीको यो ऐतिहासिक भूमिकाप्रति हामी सबैले गौरव गर्नु पर्दछ ।२०७७ फाल्गुन ११ गते सर्वोच्च अदालतले विघटित प्रतिनिधिसभा पुनर्स्थापित गरेबाट हाम्रो पार्टीको दृष्टिकोण र संघर्ष सही थियो भन्ने पुष्टि भयो ।

तर, त्यस लगत्तैपार्टीभित्र अवैचारिक र भ्रामक गुटबन्दीको समस्या देखिनु दूर्भाग्यपूर्ण थियो ।महन्थ ठाकुर, राजेन्द्र महतोलगायतका केही व्यक्तिहरुले प्रतिगामी ओली सरकारसँग गैरराजनीतिक चरित्रको हेलमेल र हिमचिम बढाउँदैत्यसमा सामेल हुने गलत बाटो अबलम्बन गर्न पुगे ।तर, त्यस्तो प्रयासले मात्र ओली सरकार टिक्ने सम्भावना भने थिएन । ओली सरकार चौतर्फी रुपमा राजनीतिक, नैतिक तथा वैधानिक

संकटमा फसिसकेको थियो । त्यससँग निर्णायक सम्बन्ध बिच्छेद गर्नु देश, जनता, आन्दोलन र पार्टीको मात्रै हैन, स्वयं ती व्यक्तिहरुको राजनीतिक भबिष्यका लागि समेत हितकर हुन्थ्यो ।

तर, ठाकुर-महतो लगायतका केही व्यक्तिहरुले यो कुरा बेलैमा बुझ्न नसक्दापार्टी र आन्दोलनलाई हानीनोक्सानी पुग्यो नै, स्वयं ती व्यक्तिहरुको राजनीतिक भबिष्य संकटमा पऱ्यो ।

राजनीतिक संकट गहिरिदै जाँदा २०७८ जेष्ठ ७ गते प्रधानमन्त्री ओलीले दोस्रोपटक प्रतिनिधिसभाको असंवैधानिक विघटनगरे । हाम्रो पार्टीका ती व्यक्तिहरुले ओलीको त्यो कदमलाई साथ दिने र ओली सरकारमा सामेल हुने झनै गलत बाटो अख्तियार गरे । सर्वोच्च अदालतले २०७८ आषाढ २८ गते अर्को महत्वपूर्ण फैसला गर्दै प्रतिनिधिसभा दोस्रोपटक पुनर्स्थापित गरिदियो ।

सर्वोच्च अदालतका यी दुबै फैसला निक्कै दूरगामी महत्वका थिए । यी फैसला लोकतन्त्र र संविधानवादको पक्षमा न्यायिक प्रतिरक्षाका उल्लेखनीयदृष्टान्त बने । फैसलामार्फत् सर्वोच्च अदालतले आफ्नो संवैधानिक दायित्व पूरा गरेको छ ।

त्यस अवधिमा हाम्रो पार्टीमा भने केही समय द्वैध तथा समानान्तर क्रियाकलापको अत्यन्त असहज स्थिति उत्पन्न भयो । यो अबस्था धेरै लामो समयसम्म कायम राख्न उचित थिएन । तसर्थ पार्टीको बहुमत पक्षले निर्वाचन आयोगमा आधिकारिताको दाबी गऱ्यो ।यस क्रममा २०७८ श्रावण ११ गते निर्वाचन आयोगले पार्टीको आधिकारिता हाम्रो पक्षलाई दियो ।बाटो बिराएका अल्पमत पक्षका ती व्यक्तिहरु भिन्नै पार्टी गठन गर्ने निर्णयमा पुगे ।पार्टी एकताको छोटो समयभित्रै सामना गर्न परेका यी उतरचढाब निःसन्देह असहज र दूर्भाग्यपूर्ण थिए ।

तथापि चोइटिएका तत्वले पार्टीलाई खासै हानी पुऱ्याउन भने सकेनन् ।पार्टीको ठूलो पंक्ति जनता समाजवादी पार्टी कै पक्षमा रह्यो ।जनता र पार्टी पंक्तिको यो विश्वासलाई आज हामीले न्याय गर्न सक्नु परेको छ ।

जनता समाजवादी पार्टी निर्माण कुनै लहड वा रहर नभएर निश्चित लक्ष्य, उद्देश्य, विचार, एजेण्डा, सिद्धान्त र मूल्यमान्यतामा आधारित एक महान अभियान थियो । हामी निश्चित वैचारिक उत्प्रेरणा, सिद्धान्तप्रतिको समर्पण र एजेण्डाप्रतिको निष्ठाले एकताबद्ध भएका थियौं ।

विद्यमान सबै प्रकारका विभेदको अन्त्य गर्दै उत्पीडित राष्ट्रिय समुदायहरुको पहिचान र अधिकार सुनिश्चित गर्ने, बहिष्करण र वञ्चितीकरणमा परेका सबै शोषित/उत्पीडित/उपेक्षित जनसमुदायलाई राजनीतिक रुपमा सचेत र संगठित गर्दै राष्ट्रिय जीवनको मूल प्रवाहमा समाहित गर्ने, समुन्नत संघीय समाजवादको सिद्धान्तबाट प्रशिक्षित तथा निर्देशित एक शसक्त बैकल्पिक लोकतान्त्रिक शक्ति निर्माण गर्ने, सुशासन, सहभागिता र समावेशी विकासको मार्गबाट समृद्ध नेपाल निर्माण गर्ने हाम्रो अभियानको मुख्य लक्ष्य र कार्यभार हो । हाम्रो पार्टीको कार्यदिशा यिनै लक्ष्य र उद्देश्यबाट निर्देशित हुनु पर्दछ ।

संघीय परिषदको यो बैठक र लगत्तै हुने केन्द्रीय कार्यसमितिको बैठकबाट हामीले पार्टीको लक्ष्य, उद्देश्यअनुरुप तत्काल गर्न पर्ने कामहरुलाई अझ ठोस, जीवन्त र मूर्त बनाउन सक्ने छौं भन्ने अपेक्षा गर्दछु ।

## २.विचारधाराको विश्व सन्दर्भः

सन् १९९० को अघिको विश्व राजनीति युरोपेली पुनर्जागरण र प्रबोधन युगबाट विकसित हुँदै आएको उदार लोकतन्त्र रअठारौं शताब्दिको औद्योगिक क्रान्तिको जगमा बनेको साम्यवादी विचारधारा- यी दुई मुख्य भावधारामा विभक्त थियो । अठारौं, उन्नाइशौं र बीसौं- यी ३ शताब्दिमा भएका वैचारिक, राजनीतिक संघर्ष, राज्य तथा अर्थतन्त्र संचालनका अनुभव र ज्ञानविज्ञानको विकासक्रमले त्यस्तो ध्रुवीकरण पर्याप्त र उचित हैन भन्ने कुरा व्यवहारबाटै पुष्टि गऱ्यो ।

व्यक्तिवादी स्वतन्त्रता, खुल्ला बजार अर्थतन्त्र र निरपेक्ष बजारवादमा आधारित राज्य र अर्थतन्त्रहरुमा मुख्यतः आर्थिक असमानता, बेरोजगारी, सीमान्तकृत समुदायको बहिष्करण, लोकतन्त्रको संकुचन तथा औपचारिकीकरणजस्ता समस्या देखिए भने साम्यवादी राज्यसत्ता र अर्थतन्त्रमा एकलीयता, राजनीतिक स्वतन्त्रता र लोकतन्त्रको अभाव, राज्य-अर्थतन्त्र, बजार, उत्पादन र रोजगारको बहुमुखी विकास हुन नसक्नु, सामाजिक विविधताको दमनजस्ता समस्याको चाङ लाग्दै गयो ।

सन् १९८९-९१ बीचकाघटनाले पूर्वी युरोपमा एकदलीय साम्यवादी शासनको पतन र सोभियत संघको विघटन गरिदियो । ठीक यही समयमा चीनले पनि ‘वजार-समाजवाद’ को बाटो लियो । यी घटनाले परम्परागत साम्यवादी सोच र ‘राज्यकेन्द्रित-समाजवाद’को अभ्यास असफल र असान्दर्भिक भएको पुष्टि गऱ्यो ।

अर्कोतर्फ पुँजीवादी संसदीय, उदार तथा प्रतिनिधिमूलक लोकतन्त्रको दिग्विजयको दाबी समेत सही सावित भएन । त्यस अवधिमा विश्व व्यापार संघको गठनले आर्थिक भूमण्डलीकरण झनै तीव्र हुने, अमेरिका केन्द्रित एक ध्रुवीय विश्वको उदय हुने, युरोपियन युनियनको गठन, युरो मुद्रा प्रचलनआदि कारणले युरोप ‘संघीय-राज्य’का रुपमा विकसित हुँदै जाने, युरोपको एकीकरणएक ध्रुवीय विश्वप्रणालीको सहयोगी बन्ने, चीन झनै प्रतिरक्षात्मक हुने जस्ता आकलन गरिए ।मूलतः पुँजीवादी खेमाबाट आएका यस्ता विश्लेषण पनि उत्तिकै झुठा सावित भए ।

सन् १९९० पछि विश्वव्यापी रुपमातीव्र प्रबर्धन गरिएका उदारीकरण, निजीकरण र भूमण्डलीकरण नीतिका आफ्नै प्रकारका सीमा र कमजोरी देखिए । यी नीतितेस्रो विश्वका अल्पविकसितराष्ट्रहरुको आर्थिक विकासमा पर्याप्त सहयोगी हुन सकेनन् ।

भूमण्डलीकरणको पैरवी गर्ने अमेरिका आफैले विभूमण्डलीकरणको अभ्यास गर्न थाल्यो । बेलायतमा ब्रेक्जिट मात्र भएन, स्कटलैण्डको जनमत संग्रह समेत भयो ।स्पेनमा क्याटलोनियाको समस्या देखियो ।बेल्जियम संघीय ढाँचमा बद्लियो ।इजिप्ट, यमन, ट्युनिसिया, लिविया, सिरिया, इरान, इराकलगायत

सम्पूर्ण अरब राष्ट्रका घटनाक्रमले लोकतन्त्र, पहिचान, अधिकार, स्वायत्तता र स्वशासनको मोहलाई पुष्टि गऱ्यो ।भूमण्डलीकरणको कार्पेटभित्र दबाउन खोजिएका स्वशासन, स्वायत्तता, पहिचान र अधिकारका आन्दोलनझनै सतहमा आए ।

यही अवधिमा कोलम्बियालगायत कतिपय ल्याटिन अमेरिकी देशहरुमा आदिवासी-जनजाति आन्दोलन, किसान तथा श्रमिक आन्दोलनहरु बीच उल्लेखनीय सहकार्य र सामाञ्जस्यता कायम भयो । 'जातीय मुक्ति' र 'वर्गीय मुक्ति' का मुद्दाहरुबीच सामञ्जस्यता र सहकार्य हुन सक्दछ, त्यस्ता मोडेलका आन्दोलनहरु सफल हुन सक्दछन् भन्ने पुष्टि भयो ।

अर्कोतर्फ चीन ठूलो आर्थिक तथा सामरिक शक्तिका रुपमा उदय भयो । तर, चीनको आर्थिक विकास, ढाँचा र प्रणालीमा हिजो भन्ने गरिएको शास्त्रीय साम्यवादभन्दा फरक चरित्र र गुणहरु उदितभए ।वर्गविहीन, राज्यविहीन, मुनाफा वा अतिरिक्त मूल्यविहीन साम्यवादी समाज स्थापित गर्ने घोषित वैचारिक अभिष्टका बाबजुद चीन बजार अर्थतन्त्रमा फर्किएको मात्र हैन, त्यसले विश्व व्यापार संगठनको सदस्यता समेत लियो । विश्व वैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता विश्व वित्तिय संस्थासंगको सहकार्यलाई बढाउँदै आफै ब्रिक्स अर्थात् न्यु डेभेलोपमेन्ट बैंकको स्थापक राष्ट्र बन्न पुग्यो ।

भीमकाय औद्योगिकउत्पादन, अमेरिकी तथा युरोपियनलगायत विश्व बजारमा पहुँच, अनुकल विश्व व्यापार, पुँजी आयात तथा निर्यात, विज्ञान र प्रविधिको आबिष्कार र आयातमार्फत् चीनले विकास र समृद्धिको बिल्कुलै नयाँ मोडेल प्रस्तुत गरेको छ । उसले संसारका विभिन्न देशलाई ऋृण समेत दिन थालेको छ ।

तर, चीनियाँ विकास र समृद्धिको सन् १९७८ पछिको मोडेलमा शास्त्रीय साम्यवादका लक्ष्य र उद्देश्यहरु खासै परिलक्षित छैनन् ।धनी र गरीब बीचको दूरी देखाउने गिन्नी कोफिसियन्ट निरन्तर उच्च ०.४० भन्दा माथि हुने गरेको छ ।भ्रष्टाचार ठूलो समस्याका रुपमा देखिएपछि सन् २०१४ पछि त्यस विरुद्ध ठूल्ठूला निर्मम कार्वाही गरिएका छन । खर्बपतिहरुको संख्या निरन्तर बढिरहेको र ६०० भन्दा बढी पुगेको छ ।

हाम्रो पार्टीले 'समुन्नत संघीय समाजवाद'को सिद्धान्त निरुपण गर्दा उपरोक्त विश्व सन्दर्भ र अनुभवलाई पर्याप्त ध्यान दिएको छ। परम्परागत पुँजीवाद तथा शास्त्रीय साम्यवादको साटो हामीले एकातिर सामाजिक उत्तरदायित्वसहितको बजार अर्थतन्त्रमा आधारित समाजवादको विकास गर्ने लक्ष्य लिएका छौं भने अर्कोतिर उत्पीडित राष्ट्रियताहरु, बञ्चितीकरण तथा बहिष्करणमा परेका अन्य समुदायहरुको पहिचान, अधिकार, स्वायत्तता, स्वशासन, समावेशिता, आरक्षण, सामाजिक न्याय, भाषिक, साँस्कृतिक अधिकारलाई सुनिश्चित गर्दै संघवादी विचारधारालाई अघि बढाएका छौं ।

यसरी हाम्रो सिद्धान्तमा श्रम र सीमान्तकरणको आन्दोलन, उत्पीडित आन्तरिक राष्ट्रियता र मजदुर, किसानलगायतका श्रमजिवी जनताको मुक्तिको प्रश्न, वर्ग र वर्णको सवाल, पहिचान, अधिकार, आर्थिक विकास र समृद्धिको लक्ष्य एकाकार भएको छ । यो नै नेपालका लागि सबैभन्दा सही सिद्धान्त र सही बाटो

हो । हाम्रो पार्टी मात्र यस्तो विचारधारा, सिद्धान्त र एजेण्डामा दृढतापूर्वक उभिन सक्ने एक मात्र पार्टी हो ।

## ३.नयाँ शीत युद्धको जोखिम र हाम्रो भूराजनीतिः

सन् २०१० पछिको विश्व परिस्थिति सन् १९९० पछिको भन्दा बिल्कुलै फरक, नयाँ र मौलिक हुँदै गएको छ । त्यतिखेर अमेरिकी नेतृत्वको एकध्रुवीय विश्वको चर्चा गरिन्थ्यो ।अहिले आएको पहिलो गुणात्मक भिन्नता के हो भने आज विश्व प्रष्टसँगदेखिने गरी बहुध्रुवीय बनेको छ ।

अमेरिका आफ्नो ठाउँमा छँदै छ । अहिले पनि अमेरिका पहिलो ठूलो सैन्य बजेट, अर्थतन्त्र र विश्व प्रभाव भएको देश हो । दोस्रो महाशक्तिका रुपमा चीनको उदय यसबीचको अर्को महत्वपूर्ण परिघटना हो ।चीन विश्वको दोस्रो ठूलो आर्थिक शक्ति बनेको र निकट भबिष्यमै पहिलो ठूलो आर्थिक शक्ति हुने सम्भावना छ ।सैन्य संख्याको दृष्टिले चीनसँग पहिलो ठूलो सैन्य संगठन छ । चीनले सैन्य बजेटमा निरन्तर बृद्धि गर्दैछ ।

युरोपका पूराना भिटो राष्ट्र रुस, बेलायत र फ्रान्सको शक्ति हिजोको तुलनामा केही ह्रास भएको भए तापनि ती अझै शक्ति राष्ट्र नै हुन ।विघटितसोभियत संघको उत्तराधिकार राज्यका रुपमा रुसलेआफूलाई पुनर्स्थापित गर्न खोज्दैछ । रुससँग तेस्रो ठूलो सैन्य बजेट, पाँचौ ठूलो सैन्य संख्या, मध्य तथा पूर्वी युरोप र पूर्व सोभियत गणराज्यहरुमा प्रभाव छ । क्रिमिया र युक्रेन युद्धमार्फत् रुस आफ्नो शक्तिलाई पुनर्स्थापित गर्ने अभियानमा लागेको देखिन्छ । युरोपमा जर्मनीले संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदमा भिटो दाबी गरेको छ ।

संयुक्त राष्ट्र संघको सुरक्षा परिषदमा भिटो दाबी गर्ने जर्मनी, जापान, ब्राजिल र भारत छन् । यी राष्ट्रहरुले आफूलाई नयाँ शक्ति राष्ट्रका रुपमा विकास गर्न चाहेको सहजै बुझिन्छ ।ब्रिक्सको संस्थापक राष्ट्रका रुपमा दक्षिण अफ्रिकाले भूमिका गरेबाट दक्षिण अफ्रिका अफ्रिकी क्षेत्रको शक्ति राष्ट्रका रुपमा उदित हुन चाहेको बुझिन्छ । यो बहुध्रुबीय नयाँ विश्वको संक्षिप्त चित्र हो ।

समकालीन विश्वका यी शक्ति राष्ट्रमध्ये तीन वटा देश भारत, चीन र अमेरिका हाम्रा लागि असाध्यै महत्वपूर्ण छन । चीनले सन् २०१४ पछि रोड एण्ड बेल्ट इनिसिएटिभ (बिआरआई) जस्तो विशालकाय विश्व परियोजना अघि बढाएको छ ।नेपालले यसमा हस्ताक्षर गरिसकेको छ ।चीन हाम्रा लागि टाढाको शक्ति राष्ट्र मात्र हैन, नजिकको छिमेकी राष्ट्र हो । चीनसँगहाम्रो लामो सीमा-सम्बन्ध छ ।

अर्को छिमेकी राष्ट्र भारतलाई विश्वले नै उदयमान शक्ति राष्ट्र स्वीकार गर्न थालेको छ । इन्डो-प्यासिफिक रणनीति र क्वाड (अमेरिका, जापान, अष्ट्रेलिया र भारतको चौकोण) मा भारतको संलग्नताले चीनसंगको उसको प्रतिस्पर्धी मुडलाई सहजै अनुमान गर्न सकिन्छ । भारतसँगविश्वकै तेस्रो ठूलो सैन्य संख्या छ ।

दोस्रो विश्व युद्धको अन्त्यदेखि सोभियत संघको विघटनसम्मको समय अवधिलाई 'शीत युद्ध' (कोल्ड वार ) भनिन्थ्यो । त्यसका अन्य धेरै भूराजनीति, आर्थिक र सामरिक पक्ष थिए ।तर, मुख्य पाटो वैचारिक थियो । अमेरिकाले पुँजीवादी वा लोकतान्त्रिक विश्वको नेतृत्व गर्दथ्यो । सोभियत संघले साम्यवादी विश्वको नेतृत्व गर्दथ्यो । सोभियत संघ र पूर्वी युरोपको पतन भएपश्चात साम्यवादी विश्व एक भिन्नै वैचारिक ध्रुब कायम थिएन । शीत युद्धको अन्त्य भएको ठानिएको थियो ।

आज फेरि त्यही दृष्य दोहोरिएको छ । अमेरिका र चीन पहिलो र दोस्रो शक्ति राष्ट्रका रुपमा उदित भएसंगै 'नयाँ शीत युद्ध' शुरुवात भएको आकलन गरिदैछ । शक्ति राष्ट्रहरुको ध्रुवीकरणमा चीन-रुस एकातिर र अमेरिका-भारतलगायत अर्कोतिर भएर विश्वमा फेरिआर्थिक, राजनीतिक र सामरिक होडबाजी चल्ने स्थिति उत्पन्न भएको छ ।

यस्तो विश्व परिस्थिति नेपालको जस्तो जटिल भूराजनीति भएको देशका लागि निक्कै संवेदनशील र विशिष्ठ हो ।पहिलो शीत युद्धका केन्द्रहरु नेपालबाट धेरै टाढा थिए तथापि नेपाललाई कुनै न कुनै हिसाबले प्रभावित गरेका थिए । नयाँ शीतयुद्धको केन्द्रहरुमध्ये एक हामी आफै हुन सक्ने देखिएका छौं ।अमेरिका-चीन बीचको वैश्विक प्रतिस्पर्धा र व्यापार-युद्ध, चीन-भारत बीचको परम्परागत तनाव र प्रतिस्पर्धाले हाम्रो भूराजनीतिलाई अत्यन्तै विशिष्ठ बनाउँछ ।

हाम्रो जस्तो देश र पार्टीले यस्तो स्थितिको सामना कसरी गर्ने ? यो अहं महत्वको प्रश्न हो ।

यो सवालमा वैकल्पिक राजनीतिको पैरवी गर्ने हाम्रो पार्टी समयमै चनाखो, गम्भीर र जिम्मेवार वन्नुपर्दछ । गम्भीरता, धैर्यता, नैतिक मूल्य र साहसिक संवादको बाटो अबलम्बन गर्नु पर्दछ ।विवेकपूर्ण गतिशील सन्तुलनलाई हाम्रो भूराजनीतिक जटिलता बुझ्ने र हल गर्ने मुख्य नीति बनाउनु पर्दछ ।

जसपा नेपाल शास्त्रीय पुँजीवादी वा शास्त्रीय साम्यवादी पार्टी हैन । तसर्थ यो ध्रुवीकरणमा कुनै एक पक्षको वैचारिक पक्षधर हामी हुन सक्दैनौं ।

चीन हाम्रा लागि छिमेकी राज्यका रुपमा सर्वथा महत्वपूर्ण छ । राज्य-राज्य सम्बन्धका दृष्टिकोणले चीनका सरोकार र संवेदनशीलतालाई हामीले कहिल्यै बिर्सन मिल्दैन । यथोचित सहकार्य र सम्बोधन गर्नु पर्दछ । हामीले सधैं एक चीन नीतिको पक्षपोषण गरेका छौं र नेपालको भूभाग उसका विरुद्ध प्रयोग हुन नदिने सुनिश्चितता गरेका छौं ।

भौगोलिक हिसावले टाढा भए पनि अमेरिकासँग हाम्रो गत सत्तरी वर्षदेखि निकट सम्बन्ध रहिआएको छ । राज्य-राज्यका वीचमा उसँग अहिलेसम्म कुनै ठूलो समस्या छैन । आर्थिक सहयोग र व्यापारिक साझेदारीको हिसावले अमेरिका नेपालको ठूला साझेदार देश मध्येमा पर्दछ ।

भारत झण्डै अठार सय किलोमिटर खुला सीमानाले जोडिएको नेपालको ऐतिहासिक छिमेकी हो । गंगाको मैदानदेखि हिमालयसम्म भऱ्याङ झै ठडिएको नेपाल भौगोलिक ढंगले दक्षिणतिर ढल्केको छ । त्यसैले आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक सबै हिसावले नेपालको सबभन्दा वढी सम्बन्ध भारतसँगै नै

हुने गरेको छ। ऐतिहासिक ढंगले विकसित भएको असमान अर्थ-राजनीतिक सम्बन्धको कारणले भारतसँग नेपालका सीमा लगायत कतिपय द्विपक्षीय समस्याहरु पनि छन्। जोसँग वढी सम्बन्ध हुन्छ, उसँग बढी समस्या हुनु प्राकृतिक नियम पनि हो। अतः राज्य-राज्य र जनता-जनताको वीचको सम्वन्धमा सवभन्दा बढी महत्व हामीले भारतसँगको सम्वन्धलाई नै दिनुपर्ने अवस्था छ।

तीव्र गतिले वदलिदो भू-राजनीतिक परिस्थितिमा हामीले हाम्रो परराष्ट्र नीति र सम्वन्धलाई कुशलतापूर्वक संचालन गर्नै पर्दछ। हाम्रो घोषित नीति असंलग्नता, तटस्थता र पञ्चशील नै हो र हुनुपर्दछ। वैचारिक हिसावले हामी आफ्नो विचार, सिद्धान्त र एजेण्डामा प्रष्ट रहनुपर्दछ। राजनीतिक हिसावले हामी लोतन्त्रको पक्षमा दृढतापूर्वक उभिनुपर्दछ। कुटनीतिक हिसाबले सवैसँग समभाव, सहकार्य र समनिकटता रहनुपर्दछ। व्यवहारिक हिसावले भारत, चीन र अमेरिकासँग गतिशील सन्तुलनको नीति अवलम्वन गर्नु पर्दछ।

यही नीति अनुरुप नै हामीले अमेरिकासंगको चर्चित एमसीसी अनुदान सहयोग प्रकरणमा केही आन्तरिक वहसका वावजुद वस्तुनिष्ठ अडान र निर्णय लिएका हौं। भारत, चीन, अमेरिका लगायत सवैसँग मैत्री सम्बन्ध र सहयोग लिएर देश वनाउने हाम्रो संकल्प र नीति सही छ। हालै युक्रेनमाथि रुसी आक्रमणको घटनाले पनि शक्ति राष्ट्रहरुसँगको सन्तुलित सम्बन्ध विशेषतः हाम्रो जस्तो सापेक्ष रुपले सानो र कमजोर देशका निम्ति कति सम्वेदनशील छ भन्ने पुष्टी गर्दछ।

## ४.पार्टीको मार्गदर्शक सिद्धान्तः समुन्नत संघीय समाजवादको विकासः

हाम्रो पार्टीले एक्काइशौं शताब्दिको विश्व सन्दर्भ, देशको विशिष्ट ऐतिहासिक आवश्यकता, ज्ञानविज्ञानको विकासक्रम, देशभित्रका जनान्दोलनहरुको संश्लेषण, जनअपेक्षा र भबिष्य पूर्वानुमानको आलोकमा आफ्नोभिन्नै मौलिक, विशिष्ट, सृजनशील र उपयुक्त मार्गदर्शक सिद्धान्तको विकास गरेको छ- समुन्नत संघीय समाजवाद।

यो सिद्धान्त हाम्रा प्रतिस्पर्धी दलका घोषित परिकल्पना, आर्दश र सिद्धान्तभन्दाश्रेष्ठ छ। आफ्नो सिद्धान्तप्रति हाम्रो पार्टीपंक्तिमा विश्वास र गौरवको भावना हुनु पर्दछ। पार्टी सिद्धान्तको रक्षा, प्रचार र विकासमा योगदान गर्न सबै पार्टी सदस्य सर्वथा दत्तचित्त रहनु पर्दछ।

यस सिद्धान्तका मुख्य ५ वटा आयाम छन्। १.दार्शनिक आयाम २. राजनीतिक आयाम ३. अर्थशास्त्रीय आयाम ४. समाजशास्त्रीय आयाम र ५.साँस्कृतिक तथा मनोबैज्ञानिक आयाम।

दार्शनिक दृष्टिकोणले समुन्नत संघीय समाजवादको सिद्धान्त द्वन्द्वात्मक तथा भौतिकवादी विश्वदृष्टिकैसेरोफेरोमा छ। कुनै प्रकारको रुढी, जडता, अन्धविश्वास वा अवैज्ञानिक तर्क प्रणालीमा आधारित भएर हैन, वैज्ञानिक खोज अनुसन्धानमा आधारित भएर यसले सत्यतथ्यको विश्लेषण तथा संश्लेषण गर्दछ। मानवजातिको ऐतिहासिक तथा भौतिकवादी विकास प्रक्रियालाई आत्मसात गर्दै अझ

परिकृष्त र समुन्नत समाज निर्माण गर्ने अभिष्ट राख्दछ ।वैज्ञानिक मानवतावादी विश्वदृष्टिलाई अझ परिष्कृत र परिमार्जित गर्दछ ।

राजनीतिको दृष्टिकोणबाट यो सिद्धान्तको मुख्य अभिष्ट लोकतन्त्रको अझ बढी विकास गर्नु हो । निरंकुश राजतन्त्र, जहानियाँ शासन, एकदलीय प्रणाली, सैनिक तानाशाही वा अन्य कुनै प्रकारका अलोकतान्त्रिक शासन व्यवस्थालाई हाम्रो सिद्धान्तले समर्थन गर्दैन, गर्न सक्दैन ।

तर, लोकतन्त्रको अर्थ केवल उदार लोकतन्त्र वा 'राजनीतिक लोकतन्त्र' मात्र हैन ।समुन्नत संघीय समाजवादको सिद्धान्तमा लोकतन्त्र एक समष्टिगत अबधारणा हो । यसभित्र 'राजनीतिक लोकतन्त्र' को साथसाथै, आर्थिक लोकतन्त्र, सामाजिक लोकतन्त्र र पर्यावरणीय लोकतन्त्र समेत समाष्टि हुनु पर्दछ ।यस्तो लोकतन्त्रलाई सहभागितामूलक-समावेशी लोकतन्त्र भन्न सकिन्छ । सहभागिता, समावेशिता, समानुपातिकता, संघात्मकताआदि यस्तो लोकतन्त्रका अनिवार्य गुण हुनेछन् । विद्यमान संसदीय उदार लोकतन्त्रलाई सहभागितामूलक-समावेशी लोकतन्त्रमा रुपान्तरण र विकसित गर्नु र वहु-राष्ट्रिय राज्यहरुमा पहिचान र अधिकार सहितको संघीय राज्य कायम गर्नु हाम्रो सिद्धान्तको मुख्य राजनीतिक दायित्व हो ।

अर्थशास्त्रीय दृष्टिकोणबाट यस सिद्धान्तले परम्परागत निरपेक्ष खुल्ला बजार अर्थतन्त्र, राज्य-समाजवादी अर्थतन्त्र वा शास्त्रीय मिश्रित अर्थतन्त्रको साटो सामाजिक उत्तरदायित्वसहितको बजार अर्थतन्त्र अर्थात् बजार-समाजवादको आर्थिक मोडेल अबलम्बन गर्दछ । यस मोडेलमा सरकारी, निजी, सहकारी र सामुदायिक स्वामित्वबीच गतिशील सन्तुलन, सहकार्य र प्रतिस्पर्धा हुनेछ । तीव्र आर्थिक बृद्धि, पर्याप्त भौतिक पूर्वाधार विकास, समन्यायिक वितरण, समतामूलकसमृद्धि, दीगोपना र मानवीय खुशी यस्तो आर्थिक ढाँचाका मुख्य आधार तत्व हुनेछन् ।

समाजशास्त्रीय दृष्टिकोणबाट यो सिद्धान्तले बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक नीति अख्तियार गर्दछ । सामाजिक विविधताको संरक्षण र सबै प्रकारका विभेदको अन्त्य गर्नेछ । बहुसाँस्कृतिकतावादलाई राज्य संरचनाबाटै सम्बोधन गर्न पहिचानमा आधारित प्रदेश सिमांकनको नीति अबलम्बन गर्दछ । देशका सबै उत्पिडित राष्ट्रियताहरुको पहिचानको मान्यतालाई स्थापित गर्दै बहुलतायुक्त राज्य निर्माण गर्दछ । प्रादेशिक स्वशासन र संघस्तरमा साझेदारी शासन हुनेछ । प्रादेशिक पहिचानमा नसमेटिएका अन्य अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि विशेष क्षेत्र, स्वायत्त क्षेत्र तथा संरक्षित क्षेत्रहरु निर्माण गरिनेछन् ।

उपरोक्त मूल्यमान्यतालाई स्थापित गर्न हामीले जनस्तरबाटै नयाँ साँस्कृतिक प्रचलन स्थापित गर्नु पर्ने छ । समावेशी लोकतन्त्र अनुकुल आम मनोविज्ञानको निर्माण गर्न त्यही अनुरुपको वैचारिक पैरवी र पार्टी जीवनहुनु पर्दछ ।नैतिकआचरणयुक्त सदाचारी जीवनपद्धति, सहिष्णुता र सभ्य लोकतन्त्र, पारदर्शिता र गतिशीलतालाई जोड दिनु पर्दछ । अनावश्यक तडकभडक, गुटबन्दी, संकिर्णता, सत्ता र शक्तिप्रतिको अतिमोहजस्ता रोगबाट पार्टी, आन्दोलन र जनसमुदायलाई जोगाउनु पर्दछ ।

'समुन्नत संघीय समाजवाद' का विशेषतालाई पार्टी एकताको घोषणापत्रले १५ वटा बुँदामा व्यक्त गरेकोछ । १.राष्ट्रिय स्वाधिनता २.सङ्घीय शासन ३.समाजवादी व्यवस्था ४.सहभागितामूलक समावेशी लोकतन्त्र

५.राष्ट्रिय पहिचान ६.सामाजिक न्याय ७.समतामूलकसमृद्धि ८.लोककल्याणकारी राज्य र सामाजिक सुरक्षा, ९.सुशासन र सदाचार १०. समानुपातिक समावेशीकरण ११. स्वशासन तथा स्वायत्तता १२. साँस्कृतिक बहुलता १३.समानुपातिक निर्वाचन प्रणाली १४.पर्यावरणीय सन्तुलन १५. बहुलतायुक्त राष्ट्रवाद र राष्ट्रिय एकता ।

विश्व राजनीतिमा समाजवादका विभिन्न प्रयोग र परम्परा छन् । फेबियन समाजवाद, मार्क्सेली समाजवाद, प्रजातान्त्रिक समाजवाद, गान्धीयन समाजवाद, बोलिभारियन समाजवाद आदि शब्दहरु प्रयुक्त हुने गरेका छन् । हामीले भनेको समाजवाद यी कुनै पनि समाजवादको फोटोकपी वा अनुकरण हैन।समाजवादका सबै धार र परम्पराबाट हामीले उपयोगी र सान्दर्भिक तत्वहरु लिन सक्दछौं । अनुपयोगी र असान्दर्भिक तत्वहरु ग्रहण गर्न आवश्यक हुँदैन ।

हाम्रो पार्टीको सिद्धान्त समुन्नत संघीय समाजवादले क्रान्तिकारी समाजवादी लोकतन्त्र (Radical Socialist Democracy)को विश्व परम्परालाई आधारभूत रुपमा समात्नेछ ।तर अन्धानुकरण गर्ने छैन ।

'समाजवाद' भनेको निजत्व र सामुहिकता, निजी स्वामित्व र सार्वजनिक स्वामित्व, प्रतिस्पर्धा र सहकार्य, आर्थिक समानता र राजनीतिक स्वतन्त्रताबीच अविछिन्न गतिशील सन्तुलन भएको राजनीतिक विचारधारा हो । समाजवाद र लोकतन्त्रबीच अन्योन्यश्रित सम्बन्ध हुन्छ । लोकतन्त्र भनेको अरु केही हैन, त्यो समाजवादमा जाने बाटो हो।समाजवाद भनेको अरु केही हैन, त्यो अझ उन्नतस्तरको लोकतन्त्र हो ।

लोकतन्त्रका नाममा समाजवादलाई छोड्दा त्यो 'बजार-पुँजीवाद' बन्न पुग्दछ ।समाजवादको नाममा लोकतन्त्रलाई छोडी दिने हो भने त्यो 'राज्य-पुँजीवाद' बन्न पुग्दछ।दुबै अवस्थामा वास्तविक समाजवाद प्राप्त हुन सक्दैन । तसर्थ पुँजीवादी वा साम्यवादी पार्टीले समाजवाद निर्माण गर्ने आशा आफैमा भ्रमपूर्ण हो । समाजवाद निर्माण गर्न समाजवादी पार्टी नै चाहिन्छ ।कांग्रेस वा कम्युनिष्ट पार्टीबाट त्यो कार्यभार सम्भव नै हुँदैन, त्यसका लागि 'सोसलिष्ट' पार्टी नै चाहिन्छ ।नेपालमा यो आवश्यकता जनता समाजवादी पार्टीले पूरा गर्नेछ ।

## ५.पार्टी सिद्धान्तका ४ तत्वः संघीयता, सुशासन, समृद्धि र समाजवादको अन्तर्सम्बन्धः

हामीले पार्टीको मार्गदर्शक सिद्धान्त समुन्नत संघीय समाजवादका ४ आधारतत्व तयगरेका छौ- संघीयता, सुशासन, समृद्धि र समाजवाद । यदाकदा यी तत्वमध्ये कुन प्रमुख हो- कुन गौण हो भन्ने अन्यौल उत्पन्न हुने गरेको छ । जनता समाजवादी पार्टीमा हामी विभिन्न पृष्ठभूमिका समूह, पूर्व पार्टी, व्यक्ति, व्यक्तित्व एकिकृत भएका छौं । कसैले कुनै एक तत्वलाई महत्व दिएको, अर्को तत्वलाई कम महत्व दिएको पाइन्छ । कसैले कुनै अर्को तत्वलाई महत्व दिएको पाइन्छ । यसो गर्दा बुझाईमा एकरुपता कायम हुन नसकी पार्टीभित्रै मनोवैज्ञानिक टकरावको स्थिति उत्पन्न हुने जोखिम पैदा हुन सक्दछ ।

हाम्रो पृष्ठभूमि र राजनीतिक शिक्षाको भिन्नताले गर्दा केही समय त्यसो हुनु अस्वभाविक हैन ।तर, लामो समय यस्तो हुनु हुँदैन ।विस्तारै पार्टी पंक्तिको बुझाइ, राजनीतिक शिक्षा र विश्लेषण पद्धतिमा आधारभूत एकरुपता कायम हुन आवश्यक हुन्छ । संघर्षको विकासक्रम र व्यवहारिक स्थिति अनुरुप कहिले कुनै मुद्दालाई बढी महत्व दिनु, कहिले कुनै सवाल गौण हुनु अस्वभाविक हैन । जस्तो कि लोकतन्त्र र संघीयताको पूर्णताको निम्ति संघर्षको मैदानमा, राजनीतिक संघर्षको विकास र संविधान संशोधनको पक्षमा जनमत निर्माण गरिरहँदा 'पहिचान, अधिकार र समावेशिता'को सवाल प्रमुख र 'विकास, सुशासन र समृद्धि' को मुद्दा गौण हुन सक्दछ तर लोकतन्त्रको सापेक्षिक पूर्णता पछि वा हामी राज्यका निकायमा छौं,सरकारमा सामेल छौं भने 'विकास, सुशासन र समृद्धि' को मुद्दाप्रमुख हुन सक्दछ ।

कतिपयले 'पहिचान, अधिकार र समावेशिता' को आन्दोलनलाई 'विकास, सुशासन र समृद्धि' को सवालभन्दा फरक वा विपरित चित्रण गर्ने प्रयत्न गरिहेको पाइन्छ । त्यो प्रवृति सही हैन ।उनीहरु भन्ने गर्दछन् - जनता समाजवादी पार्टीले संघीयता, पहिचान, अधिकार र समावेशिताको सवाललाई मात्र प्रतिनिधित्व गर्दछ,विकास, सुशासन, समृद्धि र समाजवादका लागि भिन्नै आन्दोलन र पार्टी चाहिन्छ । त्यसो भन्ने र गर्ने हो भने हाम्रो आन्दोलन र पार्टी एकांकी बन्न पुग्दछ ।त्यसबाट न पहिचान र अधिकार प्राप्त हुन्छ, न देशमा सुशासन र समृद्धि नै हासिल हुन्छ । यस्तो दृष्टिकोणको हाम्रो पार्टीले डटेर सामना गर्नु पर्दछ ।

हाम्रो सिद्धान्तमा 'पहिचान/अधिकार' र 'समृद्धि','संघवाद' र 'समाजवाद' विपरित कुरा हैनन् । यी तत्वहरुको विपरितार्थले हैन, सामञ्जस्यतापूर्ण एकत्वले हाम्रो सिद्धान्त बन्दछ ।यी एक्कै सिक्काको दुई पाटा हुन । समुन्नत संघीय समाजवाद रुपी सिक्काको एउटा पाटोमा 'पहिचान, अधिकार र समावेशिता' को आन्दोलन छ । अर्को पाटोमा 'विकास, सुशासन र समृद्धि' को सपना छ । यी दुबै पाटो मिलेर जनता समाजवादी पार्टीको चिन्तन रमूल्यप्रणाली निर्माण हुन्छ । 'विकास, सुशासन र समृद्धि' को यात्रा तय गर्न, त्यसको योजना र नेतृत्व गर्न, देशलाई सुशासन, समृद्धि र समाजवादमा प्रवेश गराउन कुनै अर्को पार्टी चाहिँदैन, त्यसको नेतृत्व पनि हाम्रो पार्टीले नै गर्ने हो ।

हाम्रो पार्टी सिद्धान्तका ४ तत्व एकआपसमा परिपूरक छन् । संघीयता, पहिचान, अधिकार र समावेशिता राज्यको लोकतान्त्रिकरण र संघीयकरणको सवाल हुन् । यो प्रक्रियालाई पूरा नगरिकन साँचो अर्थमा 'विकास, सुशासन र समृद्धि'को युगमा प्रवेश नै गर्न सकिँदैन । अर्कोतिर यदि 'विकास, सुशासन र समृद्धि र समाजवाद' को नेतृत्व गर्न नसक्ने हो भने कुनै विन्दूमा पुगेर हाम्रो पार्टी असान्दर्भिक हुने जोखिम हुन्छ ।

नेपाली कांग्रेस र नेकपाका विभिन्न घटकजस्ता परम्परागत पार्टी र शक्तिहरुले 'संघीयता, पहिचान, अधिकार र समावेशिता'को सवाललाई मात्र न्याय गर्न नसकेको हैनन, 'विकास, सुशासन, समृद्धि र समाजवाद'लाई समेत प्रत्याभूत गर्न असफल भएका हुन । कसैले शब्दमा 'विकास, सुशासन र समृद्धि' नारा उराल्दैमा त्यो आउने हैन ।समृद्धि, सुख्ख र समाजवाद शब्द जप्दैमा त्यो प्राप्त हुँदैन । त्यसको वस्तुगत आधार तयार हुनु पर्दछ । सोही अनुरुपको राजनीतिक प्रणाली, जनसहभागिता, प्रशासनिक

सक्षमता, विधिपद्धति, संस्थागत प्रक्रिया, व्यवस्थापन कौशल हुनु पर्दछ । 'संघीयता, पहिचान, अधिकार र समावेशिता' विना त्यस्तो वस्तुगत आधार तयार नै हुँदैन । तसर्थ 'विकास, सुशासन, समृद्धि र समाजवादको'को पहिलो शर्त नै संविधान संशोधन, शासकीय स्वरुपमा परिवर्तन, पहिचान र अधिकारको प्रत्याभूति र प्रदेशको पुनर्गठन हो ।

संघीयतालाई अझ ठोस, जीवन्त र मूर्त बनाउन हामीले १०+१ प्रदेशको नीति मुताबिक प्रदेश पुनर्संरचना गर्ने, वित्तीय संघीयता र बहुसाँस्कृतिकतावादको प्रारुप लागू गर्ने प्रतिबद्धता गरेका छौं ।

सुशासनको सवाल पनि राजनीतिक तथा प्रशासनिक संचरनासँग जोडिएको हुन्छ । अहिलेको जस्तो संसदीय प्रणालीमा भ्रष्टता, विकृति र विसंगति संरचनागत दोषका रुपमा रहन्छ । यो प्रणालीले 'चुनावदेखि चुनावसम्म' को दुष्चक्र निर्माण गरेको छ । चुनाव जित्न धन र राज्यशक्तिको दुरुपयोग गर्ने, चुनाव जितेर पुनश्च शक्तिशाली हुने र धन कमाउने, त्यही धन र शक्ति निवेश गरी पुनश्च चुनाव जित्नेप्रवृति संस्थागत तथा संरचनागत समस्या बनेको छ। शासकीय स्वरुप परिवर्तन नगरिकन यस्तो दुष्चक्रबाट मुक्ति प्राप्त गर्न सकिन्न र सुशासन पनि सम्भव हुँदैन । सुशासनको शुरुवात सुसंस्कृत र पारदर्शी राजनीतिबाट हुन्छ ।स्वयं दलहरुभित्रको आन्तरिक सुशासन र पारदर्शिता त्यसकालागि जिम्मेवार हुन्छ ।

सुशासनका लागि नेपालको कर्मचारीतन्त्रमा निक्कै ठूलो पुनर्गठनको आवश्यकता छ । मूलतः हाम्रो प्रशासन अहिले पनि परम्परागत सोपानक्रममा आधारित र प्रक्रियामुखी ब्यूरोक्रेसीको सिद्धान्तमा आधारित छ । प्रशासनिक सेवाप्रवाहमा अनेक कानुनी तथा प्रक्रियागत झञ्झट छन् । आधुनिक व्यवस्थापन सिद्धान्तहरुको उपयोग गर्दै प्रशासनलाई कर्मचारीतन्त्र (ब्यूरोक्रेसी) बाट कार्यगत एकाइ प्रणाली ( एक्सनल युनिट सिष्टम ) ढाल्न जरुरी छ । कानुनी जटिलता र प्रक्रियागत झंझटलाई हटाउनु जरुरी छ । कर तथा राजस्व प्रशासनको आधुनिकीकरण र सवलीकरण जरुरी छ । अख्तियारलगायत संवैधानिक निकाय, न्यायलयको पुनर्गठन जरुरी छ । अहिलेकै संवैधानिक व्यवस्था, नियुक्ति गर्ने विधि र कार्यशैलीबाट संवैधानिक निकायहरुको स्वतन्त्रता, निष्पक्षता र प्रभावकारीता सम्भव छैन । खासगरी भ्रष्टाचार नियन्त्रण गर्ने अहिलेको अख्तियार जस्तो निरीह अंगलाई आमूल परिवर्तन गरी अधिकारसम्पन्न र जनताप्रति उत्तरदायी जनलोकपालको व्यवस्था गरिनुपर्छ ।

समृद्धिका लागि आर्थिक विकासको प्रष्ट सोच, खाका र त्यसलाई लागू गर्ने दृढइच्छाशक्ति चाहिन्छ । जनता समाजवादी पार्टीको विश्वासमा विकास भनेको भौतिक पुर्वाधार विकास मात्र हैन, भौतिक विकासका साथसाथै आम नागरिकको शारिरिक, मानसिक, बौद्धिक, आत्मिक तथा साँस्कृतिक जीवनपद्धतिको समग्र विकास हो । 'विकास' हुन प्रकृति (स्रोतसाधन), पूर्वाधार (यातायात, सञ्चार र उर्जा आदि), प्रविधि (उपयुक्त मेसिन तथा औजार, प्राविधिज्ञ), प्रवृति (श्रमशील संस्कृति) र प्रशासन ( अभिप्रेरित तथा सहजीकरण गर्ने राजनीतिक र प्रशासनिक मेकानिज्म) बीच सामञ्जस्यता र तारतम्य चाहिन्छ । विकास र समृद्धिको मार्गचित्रबारे पार्टीले व्यापक छलफल गरेर छुट्टै दस्तावेज तयार गर्नेछ । यसका लागि परम्परागत पार्टीहरुको सोच र कार्य क्षमता पर्याप्त छैन । हाम्रो पार्टी कै नेतृत्वदायी भूमिका चाहिन्छ ।

## ६.नेकपा (नेकपा) सरकारको असफलता र पतनः

गत आमनिर्वाचनबाट सत्तामा आएको नेकपा (नेकपा) करिब साँढे ३ बर्ष सरकारमा रह्यो र आफ्नै कमजोरी, कलह, विग्रह, विभाजन र असफलताको कारणले पतन भयो। त्योनयाँ संविधान जारी भएपछिको पहिलो जननिर्वाचित सरकार थियो ।करिब ७ दशक लामो कम्युनिष्ट आन्दोलनको इतिहासमा कम्युनिष्ट पार्टीले पहिलोपटक बहुमत प्राप्त गरेको सरकार थियो ।

यदि पार्टी, नेतृत्व र सरकारसँग केही गर्ने दूरदृष्टि, सोच र इच्छाशक्ति हुन्थ्यो भने त्यो सरकारलाई ऐतिहासिक महत्वका जनमुखी काम गर्नबाट कसैले रोक्न/छेक्न सक्ने ठाउँ थिएन ।त्यो सरकारले अभूतपूर्व महत्वका कामहरु गर्न सक्थ्यो ।किनकि सरकारसँग झण्डै दुइतिहाइको बहुमत थियो । सहयोगी दलहरुसंगको सहकार्यबाट त्यसले दुइतिहाइ बहुमतको सहजता प्राप्त गर्न सक्थ्यो ।

सरकार गठन हुँदा जनताको एउटा हिस्सालेसरकारसँग केही आशा/अपेक्षा समेत राखेको थियो। आफूलाई कम्युनिष्ट, सर्वहारावादी, जनवादी, गरिबमुखी, समाजवादी, साम्यवादी आदिइत्यादि भन्न रुचाउनेहरुको पहिलो बहुमतको सरकार बन्दा साँच्चै केही हुन्छ कि भन्ने आशा सर्वसाधारणमा जाग्रित हुनु स्वभाविक हुन्थ्यो। तर, नेकपा सरकार जनअपेक्षा अनुरुप कार्य गर्न असफल भएको मात्र हैन, उल्टो आफै अकर्मण्यता, भ्रष्टता र यथास्थितिवादको दलदलमा फस्दै गयो ।त्यो सरकारले न राजनीतिक समस्या हल गर्नतिर ध्यान दियो न आर्थिक विकासको कुनै मोडेल तयार गर्न सक्यो न सुशासन दिन सक्यो न सहिष्णु लोकतान्त्रिक संस्कृति नै निर्माण गर्न सक्यो ।अद्वितीय सम्भावनाको अवसर प्राप्त सरकार अभूतपूर्व असफलताको रेकर्ड कायम गर्दै बाहिरिन बाध्य भयो ।

आफूलाई कम्युनिष्ट र समाजवादी दावी गर्ने सरकारले शिक्षा, स्वास्थ्य, आवास, सार्वजनिक सेवालगायतका क्षेत्रमा कुनै उल्लेखनीय सुधार गर्न सकेन। त्यो सरकारको समयमा देशको सार्वजनिक शिक्षा र स्वास्थ्य नीतिमा कुनै सार्थक परिवर्तन गरिएन। अर्थतन्त्रको कुनै पनि क्षेत्रमा कुनै उल्लेखनीय सुधार देखिएन।

नेकपा (नेकपा) का प्रधानमन्त्री केपी शर्मा ओली अनेक उखानटुक्का, भ्रामक मिथ र अवधारणाबाट लोकरिझ्याइँ गर्न खप्पिस तर कुनै पनि गम्भीर काम योजनाबद्ध र सुविचारित ढंगले नगर्ने कार्यशैलीले ग्रस्त थिए ।गत निर्वाचनमा वाम गठबन्धनको घोषणापत्रले प्रतिव्यक्ति आय ५ हजार डलर पुऱ्याउने सार्वजनिक प्रतिबद्धता गरेको थियो ।तर, १२ सय डलर पनि पुगेन। घरघरमा ग्याँस पाइप, चीनियाँ चुच्चे रेल, हनुमाननगर-कलकत्ता पानीजहाज, काठमाण्डौंमा मोनो र मेट्रोरेलजस्ता दर्जनौं पपुलिष्ट प्रतिबद्धता गरिएका थिए- ती सबै हावादारी सावित भए।

गत आम निर्वाचनमानेकपा ( एमाले ) र नेकपा (माओवादी केन्द्र) मिलेर बनेको 'वाम गठबन्धन' का मुख्य चुनावी मुद्दा राजनीतिक स्थायीत्व, विकास, सुशासन र समृद्धि थियो ।तर, कम्युनिष्ट सरकारले यी कुनै पनि वाचा व्यवहारमा प्रत्याभूत गर्न सकेन। यसबाटकथित वाम गठबन्धन र नेकपाका घटकहरुले देशलाई सही निकास र विकास दिन सक्दैन भन्ने हाम्रो दाबी फेरि पुष्टि भयो। कम्युनिष्ट गठबन्धनका दल मिलेर बनेको नेकपा (नेकपा) अन्ततः आन्तरिक कलह र विग्रहमा फस्यो । झण्डै दुइतिहाइको सरकारलेपनि ५ बर्षे कार्यकाल पूरा गर्न सकेन। बरु उल्टै पार्टी फुटेर ३ टुक्रा भयो।

अर्कोतिर वाम गबठन्धनको सरकारको कार्यकालमा यति, ओम्नी, वाइडबडी, ३३ किलो सुनजस्ता दर्जनौं ठूल्ठूला भ्रष्टाचारका काण्ड भए । तिनको स्वतन्त्र तथा निष्पक्ष छानविन समेत हुन सकेन । संवैधानिक परिषदको बैठक सम्बन्धी गणपूरक व्यवस्थालाई अध्यादेशमार्फत् संशोधन गरी संवैधानिक निकाय र आयोगहरुमा असंवैधानिक नियुक्ति गरियो र ती निकाय र संस्थाहरुलाई पंगु बनाइयो ।

कोविड-१९ महाब्याधीको पहिलो र दोस्रो लहरको समयमा वाम गठबन्धनको सरकारले यथोचित प्रबन्धन गर्न सकेन । उल्टै स्वास्थ्य सामाग्री खरिदमा समेत भ्रष्टाचार भएका समाचार बाहिरिए । प्रशासनयन्त्रमा दलीयकरण र कुशासन झन्झन् बढ्यो । साम्यवादी दलहरुले जतिसुकै ठूलो बहुमत ल्याए पनि देशलाई राजनीतिक स्थीरता, सुशासन र समृद्धि दिनसक्दैनन् भन्ने झण्डै दुइतिहाइको वामगठबन्धनको सरकारले पुष्टि गऱ्यो ।

नेकपा( नेकपा)पार्टी र त्यसको सरकारको असफलता र पतन केवल एमाले समूह र त्यसका नेता केपी ओलीको मात्र असफलता थिएन/हैन, त्यो माओवादी केन्द्र र एकीकृत समाजवादीको पनि असफलता हो । त्यो समग्र कम्युनिष्ट घटक र विचारकै असफलताको प्रमाण हो ।

## ७.संवैधानिक संकट र संविधान संशोधनको औचित्यः

विगत ४ बर्षका राजनीति तथा संवैधानिक संकटको चर्चा गर्दा नेपालको संविधान, २०७२ जारी भएसंगै उत्पन्न स्थिति स्मरण गर्नु उपयुक्त हुन्छ ।

यो संविधान जारी गर्दा मधेशलगायत देशका विभिन्न क्षेत्र र समुदायमा व्यापक विमति, असन्तुष्टि र प्रतिरोध संघर्ष जारी थियो । त्यसका बाबजुद संविधानसभाबाट संविधान जारी भयो र त्यसलाई संशोधनमार्फत् पूर्णता दिनु पर्ने दायित्व बाँकी नै छ भन्ने हाम्रो पार्टीको ठहर थियो ।

तर, कांग्रेस-कम्युनिष्टजस्ता राजनीतिक शक्तिहरुले संविधानपूर्ण र 'संसारकै उत्कृष्ट' भएको भन्दै दीपावली गरेका थिए ।नयाँ संविधान अभ्यासमा आएको केही बर्ष नबित्दै यसका थुप्रै त्रुटी, कमजोरीहरु व्यवहारबाटै प्रमाणित भए । विभिन्न संवैधानिक सवालमाथि बारम्बार न्यायिक निरुपण गर्नु पर्ने अवस्था आयो ।संविधान जारी गर्दा बखत गरिएका दाबी, देखाइएका सपना त्यसपछिकादिनमा पुष्टि भएनन् ।

विद्यमान संविधानभित्र कुनै पार्टीको बहुमत आएर राजनीतिक स्थायीत्व कायम हुन सकेन ।झण्डै दुईतिहाई बहुमत प्राप्त सरकार जनादेशको अवधिभरि चल्न सकेन ।सरकार गठन गर्ने संवैधानिक व्यवस्था र विघटनको अधिकारबारे विवाद उत्पन्न भए ।राष्ट्रपतिको भूमिकालाई लिएर कतिपय सन्दर्भमा जनस्तरबाट चर्को आलोचना भयो ।यी आज निक्कै ठूला संवैधानिक संकटका बिषय बनेका छ । यसले शासकीय स्वरुप र निर्वाचन प्रणाली परिवर्तनको मागलाई अझ ज्वलन्त बनाउँछ । संविधान संशोधनको मागको औचित्य अझ टट्कारो बन्न पुग्दछ । हामीले उठाउँदै आएको प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसदको औचित्यलाई थप पुष्टि गर्दछ ।

## ८.वर्तमान गठबन्धन सरकार र भावी रणनीति

२०७७ पुष ५ गते र २०७८ जेष्ठ ७ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले असंवैधानिक रुपमा संसद विघटन गरेपछि तत्कालीन विपक्षी दलहरु संविधानको रक्षाको लागि एक ठाउँमा आउनु स्वभाविक र आवश्यक थियो ।यसक्रममा हाम्रो पार्टी जनता समाजवादी पार्टीको समेत अगुवाई र पहलकदमीमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा-एमालेको माधब नेपाल पक्ष (हालको एकिकृत समाजवादी) र राष्ट्रिय जनमोर्चासहितको ५ दलीय गठबन्धन तयार भयो । यी दलहरुबीचको सहकार्य र गठबन्धन विना ओली सरकारको असंवैधानिक कदमलाई रोक्न, न्यायिक संघर्षका लागि सर्वोच्च अदालतमा आवश्यक निवेदक सांसदको संख्या पुऱ्याउन तथा संसद पुनर्स्थापना गर्ने अदालतको निर्णयपछि वैधानिक सरकार निर्माण गर्ने कार्य सम्भव हुने थिएन ।

नेपाली कांग्रेसका नेता शेरबहादुर देउबाको प्रधानमन्त्रीत्वमा बनेको वर्तमान गठबन्धनसरकारमा हाम्रो पार्टी पनि सामेल छ । यो गठबन्धन कसैको रहर नभएर देशको विशिष्ट राजनीतिक परिस्थितिको उपज थियो ।गत निर्वाचनमा ५ बर्षका लागि सरकार चलाउनवाम गठबन्धनले झण्डै दुईतिहाईको जनादेश पाएको सन्दर्भमा बीचैमा यस्तो गठबन्धनको सरकार बन्ने अपेक्षा कसैले राखेको थिएन । दुइदुइ पटकको असंवैधानिक संसद विघटनविरुद्ध सडक संघर्ष र आम जनपरिचालनको तहमा उत्रिएको हाम्रो पार्टी यस्तो गठबन्धनको साझेदार बन्नु स्वभाविक र आवश्यक थियो ।देशको राजनीति सत्ता-शुन्यताको अवस्थामा वस्न सक्दैनथ्यो ।त्यो रिक्ततालाईपूरा गर्न गठबन्धन बाहेक अरु कुनै उपाय थिएन ।

अहिले यो सरकार पाँच दलीय गठबन्धनको सार्वजनिक प्रतिबद्धता 'न्युनतम साझा कार्यक्रम' का आधारमा चलिरहेको छ। अर्थात् यो सरकार कुनै खास पार्टीको नीति, सिद्धान्त, विचार र एजेण्डाअनुरुप चलिरहेको सरकार हैन । यो एक साझा सरकार हो । हामीले चाहेर पनि यो सरकार हामी पार्टी नीति अनुरुप संचालन गर्न सक्दैनौं ।सरकारका कामहरुपर्याप्त सन्तोषजनक नभएको हुन सक्दछ ।सरकार सञ्चालनमा प्रशस्त सुधारको आवश्यकता छ। तर, अहिलेलाई यो सरकारको कुनै विकल्प छैन । यो सरकार आगामी चुनावसम्म जानै पर्दछ । अन्यथा फेरि अनेक प्रकारका प्रतिगामी चलखेल हुन सक्ने सम्भावना बढ्दछ । यो गठबन्धन सरकारलाई आगामी निर्वाचनहरु सम्पन्न गरुन्जेलसम्म जोगाइराख्न हाम्रो पार्टीले यथासम्भव सबै प्रयत्न गर्नु पर्दछ ।

परन्तु प्रतिगमनविरोधी संघर्ष, एमसीसी प्रकरण लगायतका विषयमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको हाम्रो पार्टीलाई मन्त्रीमण्डल गठन, मुख्य राजनीतिक नियुक्ति, चुनावी तालमेल आदि सन्दर्भमा गठबन्धनको मर्म विपरित उपेक्षा, न्यूनीकरण गर्ने प्रवृत्तिविरुद्ध संघर्ष गर्न पार्टी चुक्नुहुँदैन । गठबन्धनमा रहेर पनि पार्टीको वैकल्पिक राजनीतिक धारलाई कमजोर हुन नदिनेतर्फ निरन्तर सतर्क रहनुपर्दछ ।

संघस्तरमा ५ दलीय गठबन्धन बनेसंगै प्रदेशस्तरमा समेत त्यसको प्रभाव परेको छ । हाम्रो पार्टीको नेतृत्वमा रहेको मधेश सरकारमा हामीले गठबन्धनका सबै सहयोगी दललाई समेटेका छौं । प्रदेश-१, बाग्मती, गण्डकी र लुम्बिनीको सरकार परिवर्तन भएका छन् । केन्द्रमा जस्तै यी प्रदेशमा नेकपा (एमाले) ले सरकारको नेतृत्व गर्ने अवसर गुमाएको छ । प्रदेश-१, गण्डकी र लुम्बिनी सरकारमा हाम्रो पार्टी गठबन्धन साझेदारका रुपमा प्रदेश सरकारमा सामेल भएको छ । प्रदेश सरकारमा आएका यी परिवर्तन

हाम्रो पार्टीका लागि एक प्रकारको अवसर पनि हो । यो अवसर प्रदेश सरकारमार्फत् अधिकतम जनमुखी काम गर्दै पार्टीको प्रभाव विस्तारमा सहयोगी हुनु पर्दछ । प्रदेश सरकार सञ्चालनमा देखा परेका कमीकमजोरी र हाम्रो पार्टीका तर्फबाट गएका मन्त्रीहरुको कार्यसम्पादनबारे आएका जनगुनासाहरुलाई सम्बोधन गर्न पार्टीले बेलैमा ध्यान दिनुपर्दछ ।

आगामी चुनावहरुसम्म संघीय र प्रदेशिक गठबन्धन सरकारहरु कायम रहनु पर्दछ भन्ने कुरामा पार्टी प्रष्ट छ तर, चुनावहरु गठबन्धनबाट लड्ने कि एक्लाएक्लै त्यो अहिल्यै भन्न सकिन्न ।गठबन्धन सरकार चलाउनु र चुनावी गठबन्धन गर्नु भिन्नाभिन्नै राजनीतिक घटना हुन् । कुनै अमुक पार्टीको मात्र प्रयासले चुनाबी गठबन्धन हुन सक्दैन। हाम्रो पार्टीको चाहना र प्रयासले मात्रै ५ दलीय गठबन्धनलाई चुनावसम्म संगै लान सम्भव हुँदैन ।यसका अरु दलको पनि इच्छा, आवश्यकता र तत्परता हुनु पर्दछ । त्यसैले पार्टीले आफ्नै वलवुतामा चुनाव लड्ने र जित्ने तयारी गर्नुपर्दछ । स्थानीय विशेषता र सम्भावना अनुसार अरु कुनै पक्षसंग चुनावी तालमेल गर्ने जिम्मा प्रदेश र स्थानीय तहलाई नै दिनुपर्दछ ।

संघीय तथा प्रादेशिक निर्वाचनको रणनीति के कस्तो बनाउने त्यसका लागि अहिले पनि हामीसँग केही समय छ । तर, स्थानीय निर्वाचनको रणनीति भने अबिलम्ब बनाउनु पर्दछ । यस प्रयोजनका लागि बैठकमा एक भिन्नै ‘स्थानीय निर्वाचन निर्देशिका’ प्रस्तुत गरिएको छ ।

## ९.पार्टी एजेण्डाको पुनर्पुष्टि.:

संविधान जारी भएयताका ७ बर्षमा हाम्रो पार्टीले उठाउँदै आएका एजेण्डा व्यवहारबाटै पुनर्पुष्टि भएका छन । संविधान संशोधनको मुद्दालाई हाम्रो पार्टीले अब अझ जोडतोडले उठाउनु पर्दछ । शासकीय स्वरुप र निर्वाचन प्रणाली परिर्वतनको सवाल उत्तिकै जीवन्तभएको छ । वर्तमान संसदीय व्यवस्थाले राजनीतिक स्थायित्व, समृद्धि र सुशासन दिन नसक्ने हुँदा प्रत्यक्ष निर्वाचत कार्यकारीर पूर्ण समानुपातिक संसद कायम हुने गरी संविधान संशोधन गर्न अत्यावश्यक भइसकेको छ ।

ठीक त्यसै गरी प्रदेश पुनर्गठन/पुनर्संरचना र वित्तीय संघीयताको मुद्दा झनै टट्कारो भएको छ । देशमा अहिले जुन प्रकारको संघीयता छ, यो उचित र उपयुक्त प्रकारको संघीयता हैन, त्यसले अपेक्षित प्रतिफल दिन सक्दैन भन्ने हाम्रो पार्टीको ठहर रहँदै आएको थियो । प्रयोजित तबरले कमजोर प्रकारको र त्रुटीपूर्ण संघीयताको ढाँचा निर्माण गर्ने र त्यसका असफलतालाई संघीयताकै असफलताका रुपमा चित्रण र दोषारोपण गरी खारेज गर्न खोज्ने प्रवृति विरुद्ध हाम्रो पार्टी दृढतापूर्वक उभिनै पर्दछ । संघीयताले अपेक्षित परिणाम दिन नसक्नुको मुख्य कारण स्वयं संघीयता नभएर संघीयताको मर्मअनुरुपको प्रदेशका ढाँचा, शासकीय स्वरुप, निर्वाचन प्रणाली, अधिकारको बाँडफाँड र वित्तीय संघीयताको अवधारणा क्रियाशील हुन नदिनु हो भन्ने कुरामा हाम्रो पार्टी प्रष्ट छ ।

प्रदेशहरुको गठन र सीमाङ्कन त्रुटीपूर्ण थियो नै, ‘मधेश’ बाहेक अन्य प्रदेशको नामांकन समेत पहिचानमा आधारित हुन सकेन ।सुदुरपश्चिम, गण्डकी लुम्बिनी, बाग्मती, कर्णालीजस्ता पञ्चायतकालीन

नामाङ्कनलाई स्थापित गर्दै संघीयतामा प्रदेशको गरिमा र भूमिकालाई कमजोर पार्ने, पञ्चायतकै अञ्चल र विकास क्षेत्रको नयाँ रुप मात्र हो भन्ने आभाष दिने प्रयास गरियो ।

संघीयता कार्यान्वयन भएको ५ बर्ष पूरा हुन लाग्दा समेत बहुभाषिक नीति र प्रादेशिक भाषा व्यवस्थापन हुन सकेको छैन ।यो अर्को दूर्भाग्य हो । कम्तीमा त्रिभाषिक नीतिमा आधारित प्रादेशिक भाषाहरु प्रचलनमा ल्याउने सवाललाई हाम्रो पार्टीले अझ जोडदार रुपमा उठाउन आवश्यक छ ।

त्यसैगरी नागरिकतासँग सम्बन्धित समस्या अझै हल हुन सकेको छैन । नागरिकता प्रावधनमा भएको लैङिक विभेद, जन्मसिद्धका सन्तानसम्बन्धीत समस्या लगायतका सम्बोधन हुने नागरिकता ऐन अबिलम्ब संसदमाल्याउन र पारित गर्न गराउन हाम्रो पार्टीले जोडदार आवाज उठाउन पर्दछ ।

कर्मचारीतन्त्रको पुनर्गगठन र सुशासन, दलीय भागबन्डाको अन्त्य, संवैधानिक निकायहरुको सुधार, भ्रष्टाचार विरोधी आन्दोलन, जनलोकपालको व्यवस्था, भौतिक पूर्वाधार विकास र आर्थिक समृद्धिको सवाललाई समेत जोडजोडले उठाउनु पर्दछ ।

रोजगारीनिम्ति पचासौं लाख युवाहरु विदेशिन वाध्य हुने स्थितिको अन्त्य गर्न र देशभित्रै उत्पादनशील रोजगारीको अवसर सिर्जना गर्न राज्यलाई दवाव दिनुपर्दछ र पार्टीले संघ वा प्रदेश सरकार जाने अवसर पाएको वेला त्यसलाई विशेष जोड दिनुपर्दछ । देशको अर्थतन्त्र धान्ने प्रवासी मजदूरहरुलाई विदेशबाटै मतदान गर्ने व्यवस्था मिलाउन संघर्षको नेतृत्व पार्टीले गर्नुपर्दछ ।

जनयुद्ध, मधेश जनविद्रोह, थारु विद्रोह, जनजाति/महिला/दलित लगायत आन्दोलनका शहीद, वेपत्ता, घाइते-अपाङ्ग, राजवन्दी र पीडितको समस्यालाई वृहद् शान्ति-सम्झौता र राजनीतिक सहमतिका आधारमा यथाशीघ्र हल गर्न पार्टीले दबाब दिनुपर्दछ । मधेस आन्दोलनका क्रममा लगाइएका झुट्टा मुद्दाको खारेजी, लाल आयोगको प्रतिवेदन सार्वजनीकरण, रेशम चौधरी लगायतका राजवन्दीको रिहाइ आदि निम्ति पनि पार्टीले सशक्त आन्दोलनको अगुवाई गर्नुपर्दछ ।

## १०. राजनीतिक शक्तिहरुको विश्लेषण:

### १०.१. नेपाली काङ्ग्रेस:

वैचारिक दृष्टिकोणले नेपाली कांग्रेस उदारवादी-पुँजीवादी संसदीय लोकतान्त्रिक धारको नेतृत्व गर्ने दल हो । औपचारिक तवरले दस्तावेजमा ‘प्रजातान्त्रिक समाजवाद’ लेखे पनि २०४६ साल यताका उसका कुनै पनि व्यवहार र एजेण्डाले कांग्रेस समाजवादी दल भएको पुष्टि हुँदैन ।मूलतः यो दलले नवउदारवादी आर्थिक नीति अबलम्बन गर्ने गरेको छ । यो पार्टी हिजो संवैधानिक राजतन्त्रको पक्षधर थियो ।परिस्थितिवश गणतन्त्रमा आयो । संघवाद र समावेशी लोकतन्त्रलाई अझ जीवन्त, ठोस र मूर्त बनाउने जनताको चाहना र प्रयासमा यो दलले अवरोधको काम गरिरहेको छ ।

नेपाली कांग्रेस र जनता समाजवादी पार्टी बीचको समानता-यी दुबै मूलतः लोकतान्त्रिक धारका दल हुन् । तर, कांग्रेस ‘उदार लोकतन्त्र’ मा विश्वास गर्ने दल हो भने जसपा ‘समावेशी लोकतन्त्र’ मा विश्वास गर्ने दल हो । कांग्रेस संसदीय प्रणालीमा विश्वास गर्ने दल हो भने जसपा सहभागितामूलक, प्रत्यक्ष र समानुपातिक प्रणालीमा विश्वास गर्ने दल हो ।

कांग्रेस नवउदारवादी आर्थिक नीतिमा विश्वास गर्ने दल हो भने जसपा सामाजिक उत्तरदायित्वसहितको बजार अर्थतन्त्र अर्थात् ‘बजार-समाजबाद’ मा विश्वास गर्ने दल हो । कांग्रेस परोक्ष/प्रत्यक्ष देशको एकात्मक, एकल जातीय, एकभाषिक नीतिलाई प्रतिरक्षा गरिरहेको छ भने जसपा बहुसाँस्कृतिकतावादको पक्षमा दृढतापूवर्क उभिएको छ ।कांग्रेसले उत्पीडित राष्ट्रियताहरुको पहिचान, अधिकार र मुक्तिको प्रश्नलाई अझै आत्मसात गर्न सकेको छैन भने जसपा यी सवालको मुख्य संवाहक दल हो ।कांग्रेस र जसपा बीचका यी मुख्य भिन्नता हुन् ।

लोकतन्त्रको विश्वव्यापी मूल्यमान्यताको रक्षाको प्रश्नमा कांग्रेससँग जसपाको सहकार्य हुन सक्दछ । बाँकी प्रश्नमा प्रतिस्पर्धा र संघर्ष हुन्छ ।

### १०.२.नेपाल कम्युनिष्ट पार्टीका घटकहरुः

नेपालमा दर्जनौं कम्युनिष्ट समूह छन । नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) ठूला कम्युनिष्ट समूह हुन् ।साना कम्युनिष्ट पार्टीमा नेमकिपा र नेकपा मसालको मोर्चा संगठन राष्ट्रिय जनमोर्चाले संसदमा प्रतिनिधित्व गर्दछन् । संसदमा नभएका नेकपाका अन्य घटकहरु बैद्य, बिप्लब, आहुति, माले आदि अनेक समूहहरु छन् ।

यी सबै समूहको विचार र उत्पतिको आधार एउटै हो । यी सबै समूह रुसी अक्टोबर क्रान्ति, सोभियत प्रणाली, चीनियाँ‘नयाँ जनवादी क्रान्ति’ र माओ त्से-तुङ विचारधारा/माओवादबाट प्रभावित छन् ।यी सबै समूह सन् १९४९ मा गठन भएको नेकपाबाट फुटेर बनेका हुन् ।तसर्थ हाम्रो पार्टीको दृष्टिकोणमा नेकपाका घटकहरु आधारभूत रुपमा उस्तै हुन् । एउटै पेन्सिलका फरकफरक टुक्रा मात्रै हुन् ।

तर, तात्कालिक विचार, कार्यनीति र कार्यदिशाका दृष्टिकोणले यिनीहरु बीच केही भिन्नता पनि छ । सन् १९९० को दशकमा सोभियत संघको पतनपछि एमालेले ‘जनताको बहुदलीय जनवाद’ मार्फत् ‘संसदीय प्रणाली’ को बाटो समात्यो ।माओवादी केन्द्र एमालेसँगको एकता, नेकपा (नेकपा) को निर्माण र विभाजनपछि झण्डैझण्डै त्यही स्थितिमा पुगेको छ । औपचारिक रुपमा ‘जनताको बहुदलीय जनवाद’ स्वीकार नगरे पनि त्यसभन्दा फरक कुनै मौलक विचारधारा माओवादी केन्द्रसँग बाँकी छैन ।

हाम्रो पार्टीको दृष्टिकोणमा एमाले मूलतः बहुदलीय जनवादमार्फ्त नेपाली कांग्रेसजस्तै उदार संसदीय लोकतन्त्रवादी दलमा रुपान्तरण भएको छ । कांग्रेस र कम्युनिष्टको ब्राण्डनाम बाहेक कांग्रेस र एमालेको नीतिमा भिन्नता पाउन गाह्रो छ । कांग्रेस र एमाले एउटै सिक्काका दुई पाटा जस्तै हुन । दुबै दलले वर्तमान संविधानलाई संसारको उत्कृष्ट संविधान भन्दै दीपावली गरेका थिए । दुबै दल संघीयता,

समावेशिता, प्रत्यक्ष, सहभागितामूलक लोकतन्त्र, समानुपातिकता, सकारात्मक विभेद, सामाजिक न्याय, सीमान्तकृत समुदायको आरक्षण, उत्पीडित राष्ट्रियताहरुको पहिचान, अधिकार र मुक्तिको प्रश्नमा उस्तै र उत्तिकै अनुदार देखिन्छन । कांग्रेसले अभ्यास गरिरहेको नवउदारवादी अर्थनीतिभन्दा फरक एमालेले कुनै तात्विक भिन्नता भएको अर्थनीति प्रस्तुत गर्न सकेको छैन ।

उत्पीडित राष्ट्रियताहरुको पहिचान, अधिकार र मुक्तिको प्रश्नमा, शासकीय स्वरुप र निर्वाचन प्रणाली परिवर्तनको प्रश्नमा माओवादी कांग्रेस र एमालेभन्दा थोरै लचिलो र उदार देखिन्छ । तर, यी सवालमा पनि माओवादी केन्द्रले अवसरवादी नीति अख्तियार गर्ने गरेको छ । एमालेसँग एकताको अवधिमा माओवादी केन्द्रले यी सबै सवाल छोडेको थियो र एमाले जस्तै भएको थियो । बाँकी प्रश्नमा भने माओवादी झनै अनुदार, सङ्कीर्ण, शास्त्रीय र अवसरवादी वामपन्थी समूहका रुपमा देखिएको छ ।

नेकपा (एकिकृत समाजवादी) को विचार, सिद्धान्त र एजेण्डा के हो, त्यो एमाले र माओवादी केन्द्रसँग के कति कारणले समान वा फरक भन्ने अझै प्रष्ट छैन । केपी शर्मा ओलीको असंवैधानिक संसद विघटनसँग विमति राखेको एमालेबाट फुटेको दल भएको हुँदा यसको विश्लेषण पद्धति आधारभूत रुपमा एमालेको जस्तै छ । यो दलले कुन बाटो रोज्छ, यसको राजनीतिक भबिष्य के कस्तो हुन्छ अझै केही समय पर्खेर हेर्नु पर्दछ । सोही बमोजिम कुन हदसम्म सहकार्य गर्न सकिन्छ वा सकिँदैन, निर्णय गर्दै जानु पर्ने हुन्छ ।

एमसीसी प्रकरणमा यी तीन वटै कम्युनिष्ट समूहले चरम अस्थीरता, अवसरवाद र द्वैध चरित्र प्रदर्शन गरे । देशको अन्तर्राष्ट्रिय सम्बन्ध, राज्यको विश्वासनीयता र प्रतिष्ठा, भूराजनीति र विकासजस्तो गम्भीर र संवेदनशील विषयमा समेत सस्तो राजनीति गरे ।जनता र विश्वको आँखामा आफैलाई अविश्वासनीय र नाटकी सिद्ध गरे ।

सानावामपन्थी वा कम्युनिष्ट समूहरुमा कुनैउल्लेखनीय नयाँ विचार र सृजनशील क्षमता देखिएको छैन । तिनीहरुसँग देशको राजनीतिक कार्यदिशालाई प्रभावित गर्न सक्ने क्षमता देखिन्न । शास्त्रीय साम्यावादको विश्व असफलतापछि पनि पूरानै वैचारिक आग्रह छोड्न नसकेको कारणबाट उत्पन्न कुन्ठा, निरासा, हतासा, विम्रभ र उद्धिग्नताबाहेक साना वामपन्थी समूहसँग थप कुनै गुण देखिन्न ।

समग्रमा नेपालका सबै साम्यवादी समूहका साझा समस्या छन । विश्व साम्यवादी आन्दोलनमा आएको व्यापक उतारचढाब, पार्टीको स्थापनाकालीन मान्यता, सिद्धान्त र उद्देश्य असान्दर्भिक बनेको अवस्था, विश्व इतिहासप्रति सृजनशील आलोचनात्मक चेतको कमी, कतै पलायन र विर्सजन, कतै जडता र रुढताले नेपालको कम्युनिष्ट आन्दोलन कुहिरोको कागजस्तो बन्न पुगेको छ । एकातिर उनीहरुले मार्क्सवाद-लेनिनवाद-माओवादप्रति शाब्दिक निष्ठा व्यक्त गर्न छोडेका छैनन् । अर्कोतिर यी विचारको विश्व सान्दर्भिकता, व्यवहारिक प्रयोग र प्रयोजनशीलताबारे व्यापक अन्यौल, अविश्वास, निरासा र हिनताभाष व्याप्त छ । यही वैचारिक रन्थनाहट बीच कतिपयलेआफूलाई ‘दार्शनिक तथा वैचारिक कम्युनिष्ट नभएर केवल राजनीतिक रुपमा मात्र ‘कम्युनिष्ट’ भएको बुझिदिन आग्रह गर्दै आएकाछन् ।

नेपालका कम्युनिष्ट समूहहरुसँग अब कुनै आशा, अपेक्षा र भरोसा राख्न सकिन्न । आफै भ्रमित व्यक्ति, आन्दोलन र संगठनले देश र जनताको सही नेतृत्व गर्ने कुरै हुँदैन ।लोकतन्त्रको विश्वव्यापी मान्यताप्रति पनि उनीहरु प्रतिबद्ध छैन । देशको सामाजिक विविधतालाई सम्बोधन गर्ने विधि संघवाद, समावेशिता, समानुपातिककता, बहुसाँस्कृतिकतावाद, सामाजिक न्याय, आरक्षणआदि सवालप्रति पनि वामपन्थी समूहहरु खासै सकारात्मक र प्रतिबद्ध छैनन । कम्युनिष्ट समूहहरुबाट सन्तुलिन अन्तर्राष्ट्रिय सम्बन्ध र भूराजनीतिक जटिलताको सम्बोधन पनि सम्भव देखिन्न । नत यिनीहरुसँग कुनै ठोस आर्थिक नीति तथा विकास र समृद्धिको मोडेल नै छ ।सरकारमा भएका बेला यिनीहरुले पनि आसेपासे पुँजीवाद, भ्रष्टाचार, कमिशनखोरीकै अभ्यास गर्दै आएका छन् ।

समग्रमावामपन्थी तथा कम्युनिष्ट समूहहरुको देशको अग्रगामी रुपान्तरण, समतामूलकसमृद्धि र समावेशी विकासको मार्गमा जानेर, नजानेर व्यवधानजस्तो बन्न पुगेका छन ।

### १०.३.राप्रपाः

राप्रपा/राप्रपा नेपाल रुढीवादी धारको प्रतिनिधि दल हो ।पूराना शासक वर्ग र परिवार- राणा, शाह र पञ्चहरुको बिरासतको गर्भबाट यो दलको उदयर अस्तित्व कायम भएको हो ।जनतामा निहितधार्मिक भावनाको राजनीतिक दोहन गरेर शक्तिमा फर्किन चाहने यो दल पछिल्लो चुनावमा निक्कै कमजोर भएको छ । पछिल्लो समय ‘एकता महाधिवेशन’ गरेको यो दल महाधिवेशन लगत्तै विभाजित भएको छ ।

शक्तिले सानो भए पनि विचारले यो दल सबैभन्दा दक्षिणपन्थी, प्रतिक्रियावादी र पश्चगामी दल हो । यो मूलत लोकतन्त्रविरोधी, सामन्ती तथा रुढीवादी निरंकुशतावादी विचारको दल हो ।यो दल लोकतन्त्र, गणतन्त्र, संघवाद, समावेशिता, समानुपातिकता, सामाजिक न्याय, सीमान्तकृत समुदायको आरक्षण, बहुसाँस्कृतिवाद, समाजवाद र धर्मनिरपेक्षताको विरुद्धमा छ । यो दलले बेलाबेला ‘राजा आऊ, देश बचाऊ’ जस्ता भ्रम फैलाउने गर्दछ । लोकतन्त्र, गणतन्त्र र संघवादलाई बदनाम गर्न अनेक कुतर्क र प्रोपागण्डा गर्ने गर्दछ । त्यसो हुने कुनै सम्भावना छैन । तथापि यो दलले छर्ने अनावश्यक भ्रम चिर्न हाम्रो पार्टी निरन्तर चनाखो रहनु पर्दछ ।

### १०.४. लोसपाः

हाम्रो पार्टीबाट चोइटिएको एउटा समूहले लोकतान्त्रिक-समाजवादी पार्टी (लोसपा) गठन गरेको छ ।यो दलसँगविचार, सिद्धान्त र एजेण्डाको प्रष्टता छैन । मूलतः प्रतिगमनकारी ओली सरकारलाई साथ दिने कि नदिने भन्ने प्रश्नमा मतभिन्नता भई यो समूह हामीबाट चोइटिएको हो । ओली सरकारको दुइदुई पटकको असंवैधानिक संसद विघटन गलत थियो, ओली सरकारमा सामेल हुनु त झनै आत्मघाती थियो भन्ने व्यवहारबाटै पुष्टि भइसकेको सन्दर्भमा यो पार्टीबारे थप विश्लेषण गरिरहन आवश्यक देखिन्न ।

### १०.५.अन्य दलहरुः

त्यसका अतिरिक्त विवेकशील-साझा पार्टी र यसका विभिन्न समूहहरु पनि देशको राजनीतिमा क्रियाशील छन् ।यी समूहहरु विचार र शक्ति दुबै दृष्टिकोणले अस्तित्व संकटको अवस्थमा देखिन्छन् । यसभित्रको एउटा पंक्तिले विचारमा पश्चगामी फन्को मारेको छ भने प्रगतिशील-लोकतान्त्रिक सोच भएका युवा त्यस्तो अवसरवादी फन्कोबाट असन्तुष्ट र निरास भएको छ । यस पार्टी र आन्दोलनमा भएको विकास, सुशासन, समृद्धि र सुसंस्कृत राजनीतिको अग्रगामी मूलबाटोमा जान चाहने युवा पंक्ति सानै संख्यामा भए पनि देशको प्रगतिशील र सकारात्मक शक्तिको स्रोत हो । उनीहरुसँग संवाद र सहकार्य गर्न सकिन्छ ।

तराई-मधेशका केही जिल्लामा जनमत नामको पार्टीले केही राजनीतिक गतिवधि गरिरहेको पाइन्छ । यो पार्टीका वास्तविक राजनीतिक अभिष्ट केहुन भन्ने अझै प्रष्ट छैन । ‘स्वतन्त्र मधेश’ को नाराबाट यसको नेतृत्व चर्चामा आएको थियो । पछि त्यसले ओली सरकारसँग आत्मसमर्पण गऱ्यो । यसले हाम्रो पार्टी र मधेश सरकार विरुद्ध अनेक अबान्छित र झुठा प्रोपागण्डा गरेको छ । त्यसको हाम्रो पार्टीले दृढतापूर्वक प्रतिवाद गर्नुपर्दछ ।

## ११. मधेश सरकारका उपलब्धि र समीक्षा

२०७४ फाल्गुन ३ गते ‘मधेश सरकार’ गठन भएको थियो । देशका ७ मध्ये एउटाप्रदेश, मधेश प्रदेशमा हाम्रो पार्टीको नेतृत्वमा प्रादेशिक सरकार गठन भएको थियो । २०७४ फाल्गुन १६, २०७५ श्रावण ९ र २०७८ माघ २३ गते गरी तीनपटक प्रदेश सरकार पुनर्गठन भयो । तर, सरकारको स्थीरता र निरन्तरता भने कायम रह्यो ।संघीय संसदमा पूर्ण बहुमतका बाबजुद नेकपाले राजनीतिक स्थायीत्व दिन सकेन ।७मध्ये ५ प्रदेशका प्रादेशिक सरकारको नेतृत्व यस बीच परिवर्तन भयो । कतिपय प्रदेशमा बारम्बार नेतृत्व परिवर्तन भयो तर, पार्टीको एकल बहुमत नहुँदा नहुँदै पनि हामीले मधेश सरकारलाई स्थायीत्व दिइ जसपाले राजनीतिक स्थायीत्वको पक्षमा उल्लेखनीय योगदान गर्न सक्दछ भन्ने व्यवहारबाटै प्रष्ट गर्यौं । प्रदेश र सिंगो देशलाई सन्देश दियौं ।

मधेश सरकारले ४ बर्ष पूरा गरेको छ ।पाँच दलीय गठबन्धनका साझेदार दलहरुलाई सरकारमा सामेल गरिएको हुँदा सरकारले बाँकी कार्यकाल पूरा गर्ने राजनीतिक सुनिश्चितता छ ।

२०७८ माघ ३ गते प्रदेशको नाम ‘मधेश’ राख्ने प्रस्तावलाई प्रदेशसभाको भारी बहुमतले अनुमोदन गरेको छ ।प्रदेश सभाका १०४ मध्ये ९९ सदस्यको उपस्थिति र ८० सदस्यले पक्षमा मतदान गरी प्रदेशको नाम ‘मधेश’ राख्ने प्रस्ताव अनुमोदन भयो ।

‘मधेश’ नामाङ्कनसँगै देशले पहिचान आधारित नामाङ्कन प्राप्त गर्न सफलता पाएको छ । हाम्रो पार्टीको नेतृत्वमा सरकार भएको प्रदेशमा पहिलो पहिचान आधारित नामांकन गरेर पार्टीले आफ्नो कर्तव्य र दायित्व निर्वाह गरेको छ । मधेश आन्दोलनका शहिदहरुको सपना केही हदसम्म साकार भएको छ । भबिष्यमा संघीयताको आन्दोलन अघि बढाउन, संघीयताको मर्म अनुरुपका प्रदेशहरु रचना, सीमाङ्कन

र नामाङ्कनका लागि यो निक्कै ठूलो उदाहरण र प्रेरणाको स्रोत बन्ने निश्चित छ । सँगसँगै प्रदेशको राजधानी जनकपुरधाममा कायम गर्ने निर्णय समेत प्रदेशसभाले गरेको छ ।

मधेस सरकारका केही कार्यक्रमहरु अत्यन्त लोकप्रिय, जनमुखी र परिणामदायी सावित भएका छन् । विशेषतः बेटी पढाऊँ, बेटी बचाऊँ अभियान, शहिद सम्मान कार्यक्रम, किसानहरुको ऋणको ब्याज भुक्तानी प्रयोजनका लागि विशेष अनुदानले जनसाधारणालाई प्रत्यक्ष प्रभावित र लाभान्वित बनाएको छ । सप्तरीको राजविराजमा कृषि विश्वविद्यालय, पर्साको बीरजंगमा प्राविधिक विश्वविद्यालयलगायत तीन वटा विश्व विद्यालय स्थापित भएका छन ।मधेस सरकारले देशमै पहिलोपटक प्रादेशिक निजामति ऐन र सुशासन ऐन तर्जुमा गरी प्रदेशसभाबाट पारित गराएको छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन -२०७७ बमोजिम मधेश स्वास्थ्य विज्ञान प्रतिस्ठान स्थापना भएको छ ।

प्रदेशसभाका ६४ निर्वाचन क्षेत्र लक्षित गरी निर्वाचन क्षेत्र सडक कालोपत्रे कार्यक्रम संचालन गरिएको छ । ४ बर्षे कार्यकालमा ९३७ किमी ग्राभेल सडक र २२४ किमी कालोपत्रे सडक निर्माण गरिएको छ । २९२ कल्भर्ट र ३२ नयाँ पुलहरु निर्माण भईसञ्चालनमा आएका छन् । जनता आवास कार्यक्रममार्फत् ९०४५ आवास निर्माण भएका छन् ।

देशमा संघीयता कार्यान्वयन भएपछिको पहिलो सरकार भएका कारण मधेश सरकारसामु थुप्रै चुनौतिर समस्या थिए ।संघीय सरकारले तदारुकताकासाथ संघीय कानुनहरु नबनाउँदा प्रादेशिक कानुन प्रभावित भए । प्रदेश सरकारलाई जिम्मेवारी हस्तान्तरण गरिनु पर्ने कयौं कार्यालय र निकायहरु समयमै हस्तान्तरण भएनन् ।प्रदेश सरकारमा मुख्य कर्मचारी पदस्थापना, सरुवा, बढुवाकोअधिकार केन्द्रीय सरकारमा रहेको कारणले कतिपय प्रशासनिक जटिलता उत्पन्न भए । तथापि मधेश सरकारले निष्ठा र प्रतिबद्धताका साथ जनमुखी कामहरु गर्ने प्रयत्न गरिरहेको छ ।

फेरि पनि ऐतिहासिक रुपले पछाडि पारिएको मधेशका जनताको आकांक्षा र आवश्यकताको तुलनामा सरकारका उपलब्धीहरुबाट हामी पूर्ण रुपले सन्तुष्ट हुने अवस्था छैन । हाम्रो पार्टीको नेतृत्वको सरकारले अझै उच्च लक्ष्य राखेर काम गर्दै जानुपर्दछ ।

## १२. संगठन सुदृढीकरण तथा जनजागरण (सुज) अभियानको समीक्षा

पार्टीले २०७८ भाद्र १ देखि मंसिर मसान्तसम्म ४ महिने‘सङ्गठन सुदृढीकरण तथा जनजागरण अभियान’ (सुज अभियान) संचालन गरेको थियो । अभियानलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न “सुज अभियान निर्देशिका“ जारी गरिएको थियो । साथै वरिष्ठ नेता अशोक राईको संयोजकत्वमा ७ सदस्यीय सुज अभियान सञ्चालन सचिवालय पनि गठन गरिएको थियो ।

अभियानका क्रममा मुख्य ७ वटा काम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । एक- वैचारिक/राजनीतिक काम, दुई- समायोजन सम्बन्धी काम, तीन- सङ्गठन निर्माणको काम, चार- निर्वाचनको तयारी समबन्धी

काम पाँच- पार्टी एकता र संयुक्त मोर्चा निर्माणको काम, छ- जनसंघर्ष, जनपरिचालन र सभा, सात- नमूना प्रदेश, जिल्ला र पालिका निर्माण गर्ने काम ।

भाद्र १ गते काठमाण्डौंबाट अभियान विधिवत् उद्घाटन गरियो ।७ वटै प्रदेश र अधिकांश जिल्लामा अभियान अभिमुखीकरण तथा उद्घाटन कार्यक्रम सम्पन्न भए ।दशै, तिहार, छैठलगायतका चाडपर्वहरू र कोरोनाको तेस्रो लहरका कारण अभियानले अपेक्षित गति हासिल गर्न भने सकेन ।

अभियानकै क्रममा एक नम्बर प्रदेश, मधेस प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा समायोजन सम्पन्न भएको छ ।समायोजन भएका कतिपय प्रदेशमा समायोजन सम्बन्धी असन्तुष्टि, गुनासा र मागहरु कायमै छन् । तिनलाई अबिलम्ब मिलाउनु पर्नेछ ।सुदूरपश्चिम प्रदेशमा प्रदेश अध्यक्ष घोषणा गरिए पनि अरु पदाधिकारी र सदस्य घोषणा हुन सकेको छैन । बागमती, गण्डकी, गैरभौगोलिक र प्रवाश विशेष प्रदेशको समायोजन बाँकी रहेको छ ।

राष्ट्रिय समितिहरूमा लिम्बुवान, किरात र मगरात समितिको समायोजन सम्पन्न भएको छ ।७७ वटा भौगोलिक जिल्लामध्ये ४६ र गैरभौगोलिक ६ जिल्लामा समायोजन सम्पन्न भएको छ । तर केही जिल्लाको समायोजन भने विवादित रहेको छ ।

झन्डै ५० हजार नयाँ पार्टी सदस्यता वितरण भएको छ । अभियानका क्रममा मंसिरसमान्तसम्म स्थानीय तहसम्मको गठन, पुनर्गठन गर्ने समेत लक्ष्य राखिएकोमा यस कार्यमा खासै उपलब्धि हुन सकेन ।जनसङ्घर्ष, जनपरिचालनको काम कोरोना महामारीको कारणले न्यून मात्रामा भयो । त्यस्तै अभियान अवधिमा अनुमानित २५ हजार व्यक्तिले पार्टी प्रवेश गरेका छन् ।

सोचेजति उपलब्धि हासिल गर्न नसके पनि यस अभियानले पार्टी पंक्तिलाई गतिशील बनाउन र पार्टी कार्यकर्ताहरूको सैद्धान्तिक एवं वैचारिक स्तर अभिबृद्धी गर्न उल्लेख्य भूमिका निर्वाह गरेको छ ।

## १३.जनता समाजवादी पार्टीको संगठनात्मक सिद्धान्त, नीति र कार्यपद्धति

विचार, एजेण्डा र उद्देश्य पार्टीको साध्य हो भने संगठन त्यसलाई प्राप्त गर्ने साधन हो । राजनीतिक दलसँग संगठन बाहेक आफ्ना उद्देश्यहरु प्राप्त गर्ने अरु कुनै बलियो साधन हुँदैन । तसर्थ संगठनको महत्व पार्टीका लागि जहिल्यै उच्च प्राथमिकतामा हुन्छ, हुनु पर्दछ ।

तर, पार्टीको उद्देश्य तथा संघर्षको तरिकाअनुरुप संगठनको चरित्र फरक हुन्छ । उद्देश्य एकातिर संगठन अर्को खालको भयो भने परिणाम प्राप्त हुँदैन । पार्टीको विचार, सिद्धान्त र एजेण्डा अनुरुपको संगठनको ढाँचा, नेतृत्व प्रणाली र कार्यशैली स्थापित गर्न सकियो भने मात्र पार्टी उद्देश्य अनुरुप अघि बढ्न सक्दछ । हाम्रो पार्टी एक विशिष्ट सोच, सिद्धान्त र एजेण्डा भएको पार्टी हो । तसर्थ हाम्रो संगठनको ढाँचा, नेतृत्व प्रणाली र कार्यशैली पनि सोही अनुरुप हुनु पर्दछ ।

हाम्रो पार्टी लोकतान्त्रिकरण तथा संघीयकरणका अधुरा कार्यभार पूरा गर्न जनसंघर्ष विकास गर्न चाहने पार्टी हो । हाम्रो पार्टी सहभागितामूलक, समावेशी, समानुपातकि तथा प्रत्यक्ष लोकतन्त्रमा विश्वास गर्ने पार्टी हो । हाम्रो पार्टी उत्पीडित राष्ट्रियताहरुको मुक्ति र हिमाल-पहाड-मधेश बीच परस्पर सम्मान र बलियो एकता निर्माण गर्न चाहने पार्टी हो । हाम्रो पार्टी संघीयतालाई अझ ठोस, जीवन्त र मूर्त बनाउन चाहने पार्टी हो । हाम्रो पार्टी विकास, सुशासन र समृद्धिको नेतृत्व गर्ने पार्टी हो । हाम्रो पार्टी नेपाललाई संघीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनाउन चाहने पार्टी हो । हाम्रो पार्टी 'समुन्नत संघीय समाजवाद' को आदर्श र मार्गदर्शनबाट अनुप्रेरित पार्टी हो । तसर्थ पार्टीको संगठनात्मक सिद्धान्त र व्यवहारमा पार्टीका यी उद्देश्य अभिव्यक्त हुनु पर्दछ ।

हाम्रो पार्टीको संगठनात्मक सिद्धान्त र व्यवहारमा पार्टीका यी सोच र उद्देश्यहरु झल्किनु पर्दछ । यस दृष्टिकोणबाट पार्टीको संठनात्मक सिद्धान्त नीति र कार्यपद्धति निम्न अनुसार छन् ।

## १३.१. जनआधारित पार्टीः, सर्वाभौम पार्टी सदस्य र प्रतिबद्ध कार्यकर्ता पंक्तिः

पार्टी संगठन जनस्तरमा भिजेको, जनताका दैनिक दुख्खसुख्खमा संगै भएको, स्थानीय समस्या र जनसरोकारका विषयमा सचेत र आन्दोलित हुनु पर्दछ । पार्टी सदस्य पार्टी शक्तिको स्रोत हुन । पार्टी सदस्यहरुको सहभागिता र निर्णायक अधिकारभन्दा बाहिर पार्टीका कुनै पनि क्रियाकलाप हुनु हुँदैन । पार्टी सदस्यहरुको क्षमता विकासमा पार्टीले नियमित प्रयत्न गर्नु पर्दछ । पार्टी जीवनमा यथासम्भव प्रत्यक्ष लोकतान्त्रिक विधिहरु उपयोग गर्नु पर्दछ । पार्टीको समितिमा आबद्ध वा सक्रिय कार्यकर्ता पंक्ति पार्टीको लक्ष्य ,उद्देश्यप्रति प्रतिबद्ध र समर्पित हुनु पर्दछ । प्रतिष्ठाका लागि पद प्राप्त गर्ने, संवेदनशील र निर्णायक क्षणमा पार्टीलाई धोका दिने प्रवृतिलाई निरुत्साहित गर्नु पर्दछ । पद प्रतिष्ठाका लागि मात्र हैन, जिम्मेवारी पूरा गर्नका लागि हो भन्ने मान्यता स्थापित गर्नु पर्दछ ।

## १३.२.समावेशी-समानुपातिक प्रतिनिधित्वः

पार्टीका सबै संगठन, भेला, परिषद बैठक, सम्मेलन तथा अधिवशेनहरु समावेशी, समानुपातिक तथा सहभागितामूलक प्रतिनिधित्वमा आधारित हुनु पर्दछ । हरेक पार्टी समिति वा पार्टी एकाईले आफ्नो कार्यक्षेत्रको जातीय तथा सामुदायिक जनसांख्यिक संरचना र विशिष्ठतामा ध्यान पुऱ्याउनु पर्दछ र सोही बमोजिमको समानुपातिक प्रतिनिधित्व र समावेसी तथा सामुहिक नेतृत्व प्रणाली निर्माणको नीति अबलम्बन गर्नु पर्दछ । पार्टीका अंगहरुमा उत्पीडित तथा सीमान्तकृत समुदाय, वर्ग, वर्ण (दलित), लिङ्ग, क्षेत्रको सहभागिता सुनिश्चित गर्नु पर्दछ ।

## १३.३.अभिव्यक्तिमा स्वतन्त्रता, कामकार्वाहीमा एकरुपताः

पार्टीमा मत अभिव्यक्तिको स्वतन्त्रता हुन्छ । सबै पार्टी सदस्यले यो अधिकार पार्टी विधान, नियमावली र आचारसंहिताको अधिनमा रही प्रयोग गर्न सक्दछन् । मत अभिव्यक्त गरेको, राजनीतिक धारणा वा विश्लेषण कसैसँग मिलेको वा नमिलेको कारणले पार्टीले कसैप्रति आग्रह वा पूर्वाग्रह राख्ने छैन/ राख्न

हुँदैन । समिति बैठकहरुमा निर्णयमा पुग्नु अघि सदस्यहरुले निर्वाध छलफल गर्ने परम्परालाई प्रोत्साहित गर्नु पर्दछ । पार्टीभित्र नयाँनयाँ विचार, मत र एजेण्डा दर्ज गर्ने अधिकारलाई स्वभाविक रुपमा लिनु पर्दछ । पार्टीमा यदाकदा उत्पन्न हुने असन्तुष्टि र गुनासा नेतृत्वदायी समिति र नेतृत्वपंक्तिले धैर्यतापूर्वक सुन्नु पदर्छ र सकेसम्म मित्रवत् हल गर्ने प्रयत्न गर्नु पर्दछ । तर निर्णयपछि कामकार्वाहीमा भने एकरुपता हुनु पर्दछ । पार्टी निर्णय कार्यान्वयन गर्ने प्रक्रियामा व्यवधान वा अवरोध गर्ने अधिकार कसैलाई हुने छैन । यस्तो कार्य पार्टी कार्वाहीको विषय हुन सक्दछ ।

पार्टीको घोषित उद्देश्य, लक्ष्य र सार्वजनिक छवीमा आँच पुऱ्याउने अभिव्यक्ति र कामकार्वाही भने पार्टी अनुशासनका विषय हुन् । पार्टी अनुशासनको पालना गर्नु सबै पार्टी सदस्यको साझा कर्तव्य हो । अनुशासनहीन पार्टीले कुनै लक्ष्य हासिल गर्न सक्दैन ।

## १३.४.बहुमतको कार्यान्वयनः अल्पमतको सम्मानः

पार्टीको राजनीतिक जीवनमा विभिन्न आरोह-अवरोह आउँछन्, आउनु स्वभाविक हुन्छ । त्यसको प्रभाव संगठनमा पर्दछ । पार्टी संगठनले त्यस्ता समस्या, अप्ठ्यारा र आरोहअवरोहलाई सामना गर्न र पचाउन सक्नु पर्दछ । पार्टी सरल रेखामा हिड्ने प्रशासनिक संगठन हैन, यो निक्कै जटिल प्रकृतिको राजनीतिक संगठन हो ।

पार्टीभित्र व्यक्त हुने सबै प्रकारका विचारलाई सम्मान गर्दै सकेसम्म सर्वसम्मत निर्णय गर्ने प्रयास गर्नु पर्दछ । तर यदाकदा मत विभाजन गर्नु पर्ने अवस्था आउन सक्छ । मत विभाजनको अवस्थामा अल्पमत बहुमतको प्रक्रियालाई स्वभाविक रुपमा लिनु पर्दछ । एकपटकको बहुमत सधैंलाई बहुमत, एकपटकको अल्पमत सधैंलाई अल्पमत भन्ने बुझ्नु हुँदैन । बहुमत वा अल्पमत पक्षमा परेको कारण कुनै इगो, पूर्वाग्राह वा बदलाको भावना राखिनु हुँदैन । बहुमतमा पर्दा अहंकार गर्ने, अल्पमतमा पर्दा निरास हुने गर्नु हुँदैन ।

विचार र कार्यदिशाको भिन्नताले पार्टीभित्र यदाकदा सवालगत वैचारिक समूह देखा पर्न सक्दछन् । कुनै पार्टी सदस्यको विचार कुनै खास एजेण्डामा कसैसँग मिल्न र कसैसँग नमिल्न सक्दछ । यसलाई पनि कुनै ठूलो आपत्तिको बिषय बनाइनु हुँदैन । तर पार्टीमा अवैचारिक र स्थायी गुटबन्दी भने हुनु हुँदैन ।

पार्टीभित्रको आन्तरिक निर्वाचनमा हारजित हुन्छ । जित्नेले सबैथोक जित्यो, हार्नेले सबैथोक हार्यो भन्ने ठान्नु हुँदैन । हारजित निरन्तर प्रक्रिया हो । त्यसलाई लोकतान्त्रिक संस्कार र संस्कृति अनुरुप ग्रहण गर्नु पर्दछ । बहुमत वा निर्वाचित पक्षले पार्टीको नेतृत्व र निर्णयहरुको कार्यान्वयन गर्दछ । तर, यो प्रक्रियामा अल्पमत पक्षलाई पनि सम्मानजनक सहभागिता र स्वामित्वको व्यवहारिक अनुभूति गर्ने ठाउँ दिनु पर्दछ । बहुमत पक्षमा निषेधको भावना जाग्नु हुँदैन, अल्पमत पक्षमा प्रतिशोध र कुन्ठाको भावना जाग्नु हुँदैन । बहुमत अल्पमत सम्बन्धलाई रचनात्मक प्रतिस्पर्धा र गतिशील सम्बन्धका रुपमा विकास गर्नु पर्दछ ।

## १३.५.शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनः

हाम्रो पार्टी संगठन शक्तिपृथकीरकण, नियन्त्रण र सन्तुलनको सिद्धान्तमा आधारित हुनेछ । हरेक तहका कार्य समितिहरुले कार्यकारी भूमिका गर्नेछन । परिषद तथा महाधिवेशनहरुले विधायकी अधिकार उपयोग गर्ने छन् । अनुशासन आयोग, लेखा आयोग, निर्वाचन आयोगले न्यायिक तथा नियमक अधिकार प्रयोग गर्नेछन् । विज्ञ परिषदले पार्टीलाई बौद्धिक पृष्ठपोषण दिनेछ । सल्लाहकार समितिले सामयिक र महत्वपूर्ण सुझाब दिनुको साथै संरक्षकको भूमिका गर्नेछ । विभागहरु कार्यकारी अधिकार उपयोग गर्ने विशिष्ट संयन्त्र हुनेछन् । पार्टी विभागहरुले पार्टी समितिका निर्णय कार्यान्वयन गर्न तथा नीतिगत निर्णयका लागि पृष्ठपोषण दिने काम गर्नेछन् । पार्टी कार्यालयले दैनिक कार्यसम्पादन र व्यवस्थापनको काम गर्नेछन् । यी सबै पार्टी अंगबीच नियन्त्रण, सन्तुलन र समन्वयको अवस्था हुनेछ ।

### **१३.६. प्रत्येक तहमा समतलीय अंग र निकाय**

हाम्रो पार्टी संगठन मुख्यतः ३ तहको छ । केन्द्र, प्रदेश र स्थानीय । यी ३ वटै पार्टी तह आअफ्नो कार्यक्षेमा उत्तिकै जिम्मेवार र कार्यकारी हुनेछन । तर, पार्टीको सबै ठाडो संगठनमा समतलीय अग हुनेछन । प्रदेश र स्थानीय तहमा पनि पार्टी केन्द्रमा जस्तै कार्यसमिति, विभाग, परिषद, अधिवेशन, आयोग, सल्लाहकार समिति तथा विज्ञ परिषदको अभ्यास आवश्यकता र पार्टी क्षमताको स्तर अनुरुप गर्न सकिन्छ । पार्टीका प्रादेशिक तथा स्थानीय तह संघीयताको सिद्धान्त र भावनाअनुरुप स्वायत्ततापूर्वक सञ्चालित हुनु पर्दछ ।

### **१३.७. सामुहिक नेतृत्व, व्यक्तिगत जिम्मेवारीः**

पार्टी संगठनभित्रको कार्यप्रणाली सामुहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारीमा आधारित हुनेछ । पार्टीका महत्वपूर्ण निर्णयहरु व्यक्तिले हैन, बैठकले गर्नु पर्दछ । पार्टी संगठनको व्यवस्थित अभिलेख प्रणाली हुनु पर्दछ । अभिलेखित निर्णय पार्टीका आधिकारिक निर्णय हुन । निर्णित कार्यक्षेत्रभित्र प्राप्त जिम्मेवारी पूरा गर्न व्यक्ति स्वतन्त्र हुन्छ । हरेक पार्टी सदस्यले आफ्नो जिम्मेवारीमा परेको कार्य पूरा गर्न पहलकदमी लिनु पर्दछ । जिम्मेवारी लिने तर पूरा नगर्ने प्रवृति सैह्य हुँदैन । व्यक्तिगत जिम्मेवारी पूरा गर्ने गराउने सन्दर्भमा नेतृत्वले समन्वय र अभिप्रेरणा दिनु पर्दछ ।

### **१३.८.व्यक्ति हैन, पद पूर्णकालीनः**

हाम्रो पार्टी आधुनिक लोकतान्त्रिक युगको स्वयंसेवी अभियन्ताको अनुशासित पार्टी हो । न यो पूरै कार्यकर्ता आधारित ‘भेनगार्ड’ (अग्रदस्ता) पार्टी हो न जनआधारित स्वतन्त्र व्यक्तिहरुको लथालिङ्गे मास पार्टी हो । हाम्रो पार्टीमा व्यक्तिगत तबरमा पूर्णकालीन कार्यकर्ता हुँदैनन् । पूर्णकालीन कार्यकर्ताको ठूलो पंक्ति तयार गर्ने र पार्टीले कार्यकर्ताको निजी जीवन व्यवस्थापन गर्ने प्रकारको पार्टी अबको युगमा बनाउन सकिन्न ।

तर, जिम्मेवारीको आधारमा व्यक्तिले पूर्णकालीन सरह परिचालित हुनु पर्दछ । अर्थात् जनता समाजवादी पार्टीमा व्यक्ति हैन, पद पूर्णकालीन हुनेछ, त्यो पनि मूलतः स्वयंसेवी चरित्रको पूर्णकालीन । सामान्यतयाः सबै तहका पदाधिकारीहरुले पूर्णकालीन सरह समय दिनु पर्दछ । पार्टी केन्द्रीय समितिले पूर्णकालीन सरह

समय दिनु पर्दछ । जनसंगठनका केन्द्रीय पदाधिकारीले पूर्णकालीन सरह समय दिनु पर्दछ । प्रादेशिक तथा स्थानीय पार्टीका पदाधिकारीहरुले पूर्णकालीन सरह समय दिनु पर्दछ ।

अन्यथा पार्टीले विकास गर्न सक्दैन । पार्टीको महत्वपूर्ण पदमा रहने तर निजी तथा व्यक्तिगत काममा नै व्यस्त रहने हो भने पार्टी कामले गति लिदैन । हरदम पार्टीको, पार्टी कामको चिन्ता गर्ने एउटा पंक्ति विना पार्टीले निर्णायक रुपमा विकास गरेको उदाहरण संसारमा कहिँ पनि पाइँदैन । पार्टी कामका सन्दर्भमा हुने आधारभूत खर्चपर्च आर्थिक नियमावली बनाएर व्यवस्थापन गर्नु पर्दछ ।

### १३.९. स्वायत्त र सिर्जनशील जनसंगठनः

पार्टीका जनसंगठन तथा सहयोगी संगठन पार्टीका महत्वपूर्ण अंग हुन् । यस्ता संगठनको क्रियाशीलता र प्रभावकारिताले पार्टीको भूमिका र प्रभाव विस्तार गर्न ठूलो योगदान गर्दछ । जनसंगठनको कामलाई पार्टी संगठनकै काम ठानेर सम्पादन गर्नु पर्दछ । जनसंगठनहरु पार्टीको बृहत्त वैचारिक मार्गदर्शन र अनुशासनको सीमा भित्र बस्न पर्दछ । जनसंगठन वैचारिक तथा नीतिगत हिसाबले पार्टीसँग अनुबन्धित हुन्छन । तर आआफ्नो क्षेत्रको योजना र क्रियाशीलताका लागि स्वायत्त र स्वतन्त्र हुन्छन । आआफ्नो कार्यक्षेत्रका समस्या पहिचान गर्ने, एजेण्डा निर्धारण गर्ने, संघर्ष विकास गर्ने, रचनात्मक क्रियाकलाप गर्ने तबरले पार्टीका जनंगठनहरु स्वायत्त र सिर्जनशील हुनु पर्दछ ।

### १३.१०.सामाजिक विभेद र अपराध विरुद्ध शून्य सहनशीलताः

पार्टीको संगठनात्मक जीवनमा सामाजिक विभेद, अपराधजन्य क्रियाकलाप, आर्थिक अपारदर्शीता र भ्रष्टाचारप्रति शून्य सहनशीलता अबलम्बन गर्नुपर्दछ । पार्टी भनेको केवल राजनीतिक संगठन मात्र हैन, यो सामाजिक साँस्कृतिक रुपान्तरणको औजार पनि हो । समाजमा रहेका अनेक वेथिति, कुप्रथा र खराब प्रचलनलाई पार्टी संगठनमा प्रवेश गर्न दिनु हुँदैन । पार्टी संगठनभित्र जातपात, छुवाछुत, लैङ्गिक विभेद, महिला हिंसाजन्य क्रियाकलाप बर्जित र दण्डनीय हुनेछन । राजनीतिको आडमा अपराधजन्य क्रियाकलाप गर्ने र अपराधलाई राजनीतिकरण गर्ने प्रवृतिलाई पार्टीले सहनु हुँदैन । भ्रष्टाचारप्रति पार्टी संगठन शून्य सहनशील हुनुपर्दछ ।

### १३.११. अध्ययनशीलता र स्वअनुशासनमा जोडः

हाम्रो पार्टीपंक्ति निरन्तर अध्ययनशील हुनु पर्दछ । कुनै घटना, प्रवृति वा व्यक्तिप्रति हतारोमा निष्कर्ष निकाल्नु हुँदैन । बौद्धिक विकास, नेतृत्व विकास, व्यवस्थापन सीप विकास, व्यवस्थित तथा वैज्ञानिक कार्यप्रणालीको अबलम्बनका लागि निरन्तर अध्ययन, अनुसन्धान, सहकार्य र प्रतिस्पर्धा गर्नु पर्दछ ।

पार्टीका नीतिसिद्धान्त प्रभावकारी ढंगले सम्प्रेषण गर्ने क्षमता विकासमा मेहनत र एकअर्कालाई सहयोग गर्नुपर्दछ । लेखन र सार्वजनिक बहसको अनुकुलनमा मेहनत गर्नु पर्दछ । योजना निर्माण र प्रशासनिक कार्यदक्षता बृद्धि गर्नु पर्दछ । पार्टी संसदीय दलका सदस्यहरुले संसदीय क्रियाकलापमा आफूलाई अब्बल

सावित गर्नु पर्दछ । पार्टीको पंक्ति अरु पार्टीसंगको तुलनामा कुनै पनि क्षेत्र र मोर्चामा कमजोर देखिनु हुँदैन । हामीले सबै हिसाबले अब्बल र सवल हुने प्रयास गर्नु पर्दछ ।

पार्टी अनुशासन सधै डण्डा देखाएर कायम गर्ने विषय हैन । हामीमा स्वअनुशासनको भावना र संस्कृति हुनु पर्दछ । सिद्धान्त, संगठन, एजेण्डाप्रतिको निष्ठा व्यक्तित्व विकासको एक महत्वपूर्ण आयाम हो । हामी जति सक्षम, असल र उन्नत हुँदै जान्छौं, हाम्रो व्यक्तित्वको सुवास र सौन्दर्य समाजमा उत्तिकै फैलिदै जान्छ । यसले पार्टीको विकास र स्थायित्वमा ठूलो योगदान गर्दछ । निष्ठावान, स्वअनुशासित र अध्ययनशील पार्टीपंक्ति पार्टीको मात्र हैन, देश र जनताकै लागि अमूल्य सम्पति हो ।

## १३.१२. आत्मनिर्भर आर्थिक व्यवस्थापनको प्रणाली:

पार्टीको आन्तरिक आर्थिक जीवन, यसको भरपर्दो स्रोत व्यवस्थापन, अभिलेख र पारदर्शिता संगठनात्मक जीवनको महत्वपूर्ण पाटो हो ।हामीले पारदर्शी र आत्मनिर्भर आर्थिक व्यवस्थापनमा जोड दिनु पर्दछ । पार्टी विधानले व्यवस्था गरेको सदस्यता शुल्क र लेवीलाई नियमित र व्यवस्थित गर्नु पर्दछ । चन्दा संकलन अभियानलाई स्वऐच्छिक पारदर्शी र विश्वासनीय बनाउन पर्दछ । आर्थिक अभिलेख वैज्ञानिक र व्यवस्थित बनाउनु पर्दछ । सबै तहमा नियमित लेखापरिक्षण गर्नु पर्दछ ।

पार्टी कार्यक्रमहरुलाई सकेसम्म मितव्ययी बनाउनु पर्दछ । तडकभडकपूर्ण कार्यशैलीलाई प्रोत्साहन गर्नु हुँदैन । थोरै खर्चमा धेरै परिणाम निकाल्ने मितव्यायी कार्यप्रणाली अबलम्बन गर्नु पर्दछ । आर्थिक अभावमा राजनीतिक तथा सांगठनिक कार्य घटाउने हैन, राजनीतिक आवश्यताका आधारमा कार्यक्रम निर्धारण र व्यवस्थापन गर्नुपर्दछ । भेला, सम्मेलन, अधिवेशनहरुमा न्यूनतम् प्रवेश शुल्क लगाउने गर्नु पर्दछ । हरेक समितिको आर्थिक नियमावली हुनु पर्दछ । कार्यकर्ता पंक्तिलाई स्वरोजगार र आत्मनिर्भर बन्न प्रेरित गर्नुपर्दछ ।

## १३.१३.व्यवहारिक प्रयोजनका लागि राज्यका प्रदेश, संघर्षका लागि पहिचान आधारित प्रदेश:

हाम्रो पार्टी विधानले २ प्रकारका प्रदेश समितिको व्यवस्था गरेको छ । यो प्रावधान हाम्रो पार्टीको घोषित लक्ष्यसँग मेल खान्छ । यद्यपि यसबारे पार्टीभित्र केही बहस, फरक मत छन् । पहिचान आधारित प्रदेशलाई नै वास्तविक कार्यकारी प्रदेशको मान्यता दिइ राजकीय प्रदेशलाई समन्यवकारी बनाउनु पर्ने दृष्टिकोण र माग व्यवहारिक रुपमा के कति सम्भव र उपयुक्त छ, छलफल गर्दै जानु र निष्कर्षमा पुग्न आवश्यक छ ।

तत्काललाई भने हामीले एकातिर पार्टीभित्र १०+१ प्रदेशको अभ्यास गर्दैछौं । अर्कोतिर निर्वाचन तथा प्रशासनिक समन्वयका लागि अहिले राज्यले व्यवस्था गरेका ७ प्रदेशको अभ्यास पनि गरिरहेका छौं । तर, यी दुई प्रकारका प्रदेश समिति बीच अनावश्यक द्वन्द्व हुने अवस्था भने आउन दिनु हुँदैन । त्यसो भएमा पार्टी आफै आन्तरिक गन्जागोलमा फस्दछ, पार्टीले विकास गर्न सक्दैन ।

यो आफैमा एक जटिल सांगठनिक पार्टी संचरना हो । तथापि हामीले यसलाई अझ जटिल बनाउने भन्दा एक विशिष्ठ प्रकारको सहजतामा विकास गर्नु पर्दछ । राजकीय प्रदेश पार्टी समिति र पहिचानमा आधारित प्रदेश समिति बीच सुमधुर सम्बन्ध र समन्यव हुनु पर्दछ ।

राज्यले व्यवस्था गरेका प्रदेश अनुरुप बनेका प्रदेश समितिले व्यवहारिक प्रयोजनका कार्यहरु विशेषतः निर्वाचन सम्बन्धी कार्य, प्रशासनिक परिचालन र समन्वय सम्बन्धी कार्य गर्नु पर्दछ । संगठनात्मक कार्य गर्नु पर्दछ । पहिचान सम्बन्धी प्रदेशका राष्ट्रिय समितिहरुले तत्तत् क्षेत्रमा आन्दोलनको विकास, प्रशिक्षण र प्रचारात्मक काम गर्नु पर्दछ । जिल्ला र पालिकास्तरको पार्टी संगठन संचलन गर्दा भने दुबै प्रकारका समिति बीच समन्वयात्मक सम्बन्ध हुनु पर्दछ ।

## १४.तात्कालिक कार्यभारः

तत्कालीन स्थितिमा पार्टीले निम्न कामहरु अबिलम्बन गर्नु पर्दछः

### १४.१.पार्टीको आन्तरिक एकतालाई सुदृढ पार्नेः

पार्टीको आन्तरिक जीवन र एकताबारे कतिपय भ्रामक चर्चा यस बीच संचार माध्यममाआएका छन । वास्तवमा पार्टी कुनै फुट, विभाजनतिर हैन, कतिपय आन्तरिक समस्याको निदान र छलफलको क्रममा थियो । लोकतान्त्रिक पार्टीभित्र यदाकदा त्यस्ता क्षण आउँछन, आफैभित्र गम्भीर छलफल र बिमर्श गर्नु पर्ने हुन्छ । विभिन्न पूर्व घटकहरुबाट बनेको पार्टीलाई एकता-संघर्ष-रुपान्तरणको विधिले नयाँ आधारमा नयाँ एकता कायम गर्नु आवश्यक हुन्छ । यस्ता प्रयासलाई गुट, टुट र फुटकोसंज्ञा दिनु उचित हुँदैन । बहसकै क्रममा हामी कतिपय सार्थक र सुखद निष्कर्षमा पुगेका छौं । बाँकी बचेका बिषय पार्टीको विधान अधिवेशनमार्फत् हल हुने अपेक्षा गर्न सकिन्छ । तसर्थ, पार्टीको सुदृढ आन्तरिक एकताको पक्षमा हामी संगै दृढतापूर्वक उभिनु पर्दछ । भ्रमहरुलाई चिर्दै र पार्टी पंक्तिलाई एकताबद्ध पार्नु पर्दछ ।

### १४.२. समायोजन सम्बन्धी बाँकी काम अबिलम्ब पूरा गर्नेः

पार्टी समायोजनका बाँकी काम पूरा गर्न अब कुनै ढिलाई गर्नु हुँदैन । समायोजनको आधारभूत मार्गदर्शन पार्टीले जारी गरेको समायोजन निर्देशिका नै हुनु पर्दछ । तर, कुनै क्षेत्रको विशिष्ठता, व्यवहारिक समस्या, कठिनाई र संवेदनशीलतालाई समेत सबै पक्षले ध्यान दिँदै लचिलो बन्न समेत तयार हुनु पर्दछ । समायोजनको काम पूरा नभइकन पार्टी आन्तरिक रुपमा सुदृढ र एकताबद्ध हुन सक्दैन । अब्यवस्थित र गञ्जागोलपूर्ण पार्टी लिएर चुनावी संघर्षको मैदानमा जान र अपेक्षित परिणाम निकाल्न सकिन्न ।

### १४.३. सबै तहमा अभिमुखीकरण कार्यक्रम गर्नेः

संघीय परिषद र केन्द्रीय समितिको बैठक सम्पन्न भए लगत्तै समसामयिक राजनीति, पार्टीको आन्तरिक जीवन र संगठनात्मक अवस्था, आसन्न स्थानीय निर्वाचन, संघीय सरकारमा पार्टीको भूमिका, गठबन्धन

सरकारको सीमा, पाँच दलीय गठबन्धनको सीमा र सम्भावना, चुनावी रणनीति आदिबारे प्रदेश, जिल्ला, पाीलका र वडा तहमा अबिलम्ब अभिमुखीकरण कार्यक्रम गर्नु पर्दछ ।

### १४.४.स्थानीय चुनावमा सहभागी हुनेः

२०७९ बैशाख ३० गते हुने गरी स्थानीय निर्वाचनको मिति सरकारले तोकिसकेको छ । सोही बमोजिम निर्वाचन आयोगले तयारी गरिरहेकोछ । सर्वोच्च अदालतमा विचाराधिन मुद्दाले प्रभावित गरेको अवस्थामा बाहेक निर्धारित मितिमै स्थानीय निर्वाचन हुने निश्चित छ । हाम्रो लोकतान्त्रिक पार्टी हो, लोकतान्त्रिक विधि, पद्धति र प्रक्रियाभित्र हुने नियमित निर्वाचनहरुमा भाग लिनु लोकतान्त्रिक दलको अधिकार र कर्तव्य दुबै हो । तसर्थ स्थानीय निर्वाचनलाई लक्षित गरी पार्टीले जारी गरेको 'स्थानीय तह निर्वाचन निर्देशिका' बमोजिम सम्पूर्ण पार्टी पंक्ति होमिनु पर्दछ । निर्वाचनमा राम्रो नतिजा प्राप्त गर्न सम्भव सबै प्रयत्न र मेहनत गर्नु पर्दछ ।

### १४.५.संघीय तथा प्रादेशिक निर्वाचनको तयारीप्रारम्भ गर्नेः

स्थानीय निर्वाचनको केही महिनापछि नै नियमितसंघीय र प्रादेशिक निर्वाचन हुनेछ । यसको तयारी र रणनीतिको दृष्टिकोणबाट पनि सोच्न र योजना बनाउन थालिनु पर्दछ ।

### १४.६. आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्नेः

निर्वाचनको समयमा आर्थिक स्रोत परिचालन र व्यवस्थापन महत्वपूर्ण राजनीतिक कार्यभार बन्दछ । यो असामान्य अवस्थाको आर्थिक कार्यभार बढी बोझिलो हुन्छ । आर्थिक स्रोत परिचालन क्षमता र व्यवस्थापन अभावमा जित्ने सम्भावना हुँदाहुँदै पनि पार्टीले हार्नु पर्ने स्थिति आउन सक्दछ । देशको प्रचलित कानुन र प्रचलनको अधिनमा रही मितव्ययी र पारदर्शी खर्च गर्न र आर्थिक अनुशासन कायम गर्न हाम्रो पार्टी सधै अगुवा बन्नु पर्दछ । तर, आर्थिक पक्षलाई पूर्णतः वेवास्ता गरियो भने त्यो राजनीतिक रुपमा समेत आत्मघाती हुन सक्दछ ।

निर्वाचनको समयमा एकिकृत आर्थिक योजना निर्माण र कार्यान्यवन गर्न सम्भव हुँदैन । तसर्थ पार्टी केन्द्र, प्रदेश, जिल्ला, पालिका र वडा समितिहरुले आफ्नो विशिष्ठता, क्षमता र सम्भावनाका आधारमा आआफ्नो आर्थिक योजना बनाई स्रोत परिचालन गर्नु पर्दछ ।

### १४.७. प्रभावकारी प्रचार-प्रसार योजना निर्माण र कार्यान्यन गर्ने

सूचना क्रान्ति, डिजिटल प्रविधि र सामाजिक सञ्जालकोबढ्दो भूमिकाको युगमा पार्टी प्रचारको योजना पनि सोही बमोजिमको हुनु पर्दछ । सोही बमोजिमकाप्रचार-सामग्रीगर्नु पर्दछ ।प्रचार-प्रसारमा पार्टी कार्यकर्ता र पार्टी संयन्त्रले अध्याबधिक भूमिका गर्न पर्दछ । पार्टीका नियमित कमिटीमा सबै तहमा प्रचार विभाग गठन गरी यो भूमिका गर्नु पर्ने हुन्छ भने निर्वाचनको अवधिमा निर्वाचन प्रचार-प्रसार समिति बनाउने काम गर्नु पर्दछ ।

अबको राजनीति र निर्वाचनमा समाजिक संजालको भूमिका निरन्तर बढ्ने छ। हाम्रा सबै पार्टी सदस्यले फेसबुक, ट्वीटरजस्ता प्रचलित सञ्जाललाई उपयोग गर्न सक्ने हुनु पर्दछ। ती सञ्जालको पेजमा सवैले पार्टीको झण्डा, चुनावचिन्ह राखेर प्रचार गर्नुपर्दछ। साँस्कृतिक मोर्चालाई सवल बनाई पार्टी नीति अनुरुपका गीत, संगीत, भिडियो, नाटक, हास्यव्यंग्यआदि सामग्रीको उत्पादन गर्नु पर्दछ। प्रेस जगतसंगको सम्बन्धलाई सुमधुर राख्न पर्दछ। पार्टी निकटको प्रेस संगठनकोप्रभावकारिता र पार्टी-लेखकहरुकोउत्पादन र विकासमा जोड दिनु पर्दछ। अनलाइन मिडियाको उपयोगमा विशेष ध्यान दिनु पर्दछ।

तर, हामीले परम्परागत प्रचार माध्यमको उपयोग गर्न छोड्न हुन्न। विशेषतः ग्रामिण क्षेत्रमा अझै पनि परम्परागत प्रचार माध्यमहरु उपयोगी हुन सक्दछन। देशका खासखास भागहरुमा एफएम रेडियो स्टेशनहरु प्रभावकारी छन्। पर्चा वितरण र घरदैलो कार्यक्रमअझै शसक्त हुन्छन।आमसभा, कोणसभाहरुको महत्व अझै छ। पैदलयात्रा, जागरण अभियान, स्थानीय तथा इलाकीय आमसभा, ज्ञापनपत्र, धर्ना तथा जुलुस प्रदर्शन, वडा तथा टोल भेला आदिमा विशेष जोड दिनु पर्दछ।

## **१४.८. सडक, सदन र सरकारको क्षेत्रबाट काम**

हाम्रो पार्टीले लिएको समुन्नत संघीय समाजवाद प्राप्तिको बाटो भनेको सडक, सदन (व्यवस्थापिका) र सरकार सहित तीनवटै मोर्चाबाट एकीकृत ढंगले जनपरिचालन, जनदबाब, संघर्ष, सुधार, रुपान्तरणको विधि अपनाउने बाटो हो। त्यसैले हामीले निरन्तर रुपमा सडक, सदन र सरकारका कामलाई योजनावद्ध र संयोजित ढंगले अघि वढाउन पर्छ। तत्काल पार्टीको घनत्व मधेस प्रदेशमा वढी भएकाले त्यहाँको कामलाई प्राथमिकता दिने र अन्य प्रदेश तथा पहाड/हिमाल क्षेत्रमा विस्तार गर्ने कामलाई उचित ध्यान दिने गर्नुपर्दछ।

**अन्त्यमा,**

आदरणीय मित्रहरु !

जनतासमाजवादी पार्टीको काँधमा अहिले ठूलो ऐतिहासिक दायित्व छ। जनताले हामीलाई हिमाल, पहाड, तराई/मधेस जोड्ने सच्चा राष्ट्रिय शक्ति र एक उदयमान बैकल्पिक प्रगतिशील, समावेशी, सुसंस्कृत, लोकतान्त्रिक शक्तिका रुपमा आशा र अपेक्षाको नजरले हेरेका छन्।एकातिर यो पार्टीसँग उत्पीडित राष्ट्रियताहरुको मुक्ति, मजदुर, किसान, निम्नमध्यम बर्गलगायतश्रमजिबी जनताकोसमृद्धिको आकांक्षार शोषितपीडित जनसमुदायको भाग्य र भविष्य जोडिएको छ।यो पार्टीसँग लोकतान्त्रिक जनान्दोलन, जनयुद्ध, मधेश जनविद्रोह, आदिवासी/जनजाति/थारु/खस/मुस्लिम/दलित/आदि आन्दोलनको गौरब र विरासत जोडिएको छ।देशलाई साँचो अर्थमा राजनीतिक बिकल्प दिन सक्ने नयाँ दलको उदयको चाहना राख्ने युवापुस्ताको कामना जोडिएको छ।

अर्कोतिर यो पार्टीसँग विकास, सुशासन र समृद्धिकोसपना जोडिएको छ ।परम्परागत पार्टी र शक्तिसँग जनता निराश हुँदै गइरहेका छन् । तिनीहरुबाट सुशासित, समृद्ध, सभ्य, सुविधासम्पन्न, आधुनिक राष्ट्र सम्भव छैन भन्ने सबैले बुझ्दै गएका छन् ।पूराना पार्टीले भबिष्यको बेडा पार लगाउन सक्दैनन्भन्ने ज्ञान आमनागरिकलाई व्यवहारबाटै अनुभूत हुन थालेको छ ।जनता विश्वासयोग्य राष्ट्रिय विकल्प चाहन्छन् । हामीले त्यो अवश्यकतालाई पूरा गर्न सक्नु पर्दछ ।यो आवश्यकतालाई पूरा गर्न हामीले आफ्नो इमान्दारिता, समूहकार्य, व्यवस्थापन क्षमता र मेहनतमा कुनै कसर बाँकी राख्न हुँदैन ।

जसपाको उदय नै समावेशी, समुन्नत र समृद्ध नेपालको आधारशीला हो । 'समावेसी लोकतन्त्र, समावेसी विकास' हाम्रो मूल नारा हो । यो मर्मलाई आत्मसात गरौं र आआफ्नो कार्यक्षेत्रमा दृढतापूर्वक डटौं ।सत्य र न्यायको जीत निश्चित छ ।

धन्यवाद ।

अभिवादन ! जय मातृभूमि !

**अध्यक्ष**
**संघीय परिषद्**
**जनता समाजवादी पार्टी, नेपाल**

**२०७८/११/२८**

**काठमाडौं**